# पैयुँखोले सालैजो गीतको विषयवस्तु र अलङ्कारविधान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
रामबहादुर गुरुङ
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
२०७१

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका छात्र **रामबहादुर गुरुङ**ले दसौं पत्र ( )को प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको **पैयुँखोले सालैजो गीतको विषयवस्तु र अलङ्कारविधान** शीर्षकको शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| **क.सं.** | **पद** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | प्रा.डा.विष्णुप्रसाद पौडेल | .................... |
| २. | विशेषज्ञ | ....................... | .................... |
| ३. | शोधनिर्देशक | सहप्रा.डा.कुसुमाकर न्यौपाने | .................... |

**मिति**

ई.सं............................

वि.सं. ........................

## निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका छात्र **रामबहादुर गुरुङले** **पैयुँखोले सालैजो गीतको विषयवस्तु र अलङ्कारविधान** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१ । १२ । ०५

**डा.कुसुमाकर न्यौपाने**
सहप्राध्यापक
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस पोखरा

## कृतज्ञताज्ञापन

लोकको मन चाँडै नै आकर्षित गर्ने लोकसाहित्यिक विधा लोकगीत हो । त्यसको परिणाम नेपाली गाउँवस्ती, शहर, बजार, भिर, पाखा, खेत, बारी, यज्ञ, उत्सव जताततै लोकगीतले वर्चस्वको कायम गरेको छ । धनीदेखी गरीबसम्म सबैको मन आफूतिर खिचेको छ । परिणामस्वरुप पहिल्यै पहिल्यै ओडार, वन, भिर, पाखा वा यस्तै एकान्तस्थलमा लुकेर गाउने लोकगायक तथा लोकगायिकाले अहिले आँगनमा पनि नहिच्किचाइकन गाउने हुँदै उत्सवमा फूलमाला लाएर लोकगीत गाउने गरेका छन् । मञ्चमा बाजागाजाका साथ गाउने लोकगायक तथा लोकगायिकाले त गायनका माध्यमबाट मनोरञ्जनका साथै आर्जन पनि गरेका छन् । दोहोरी रेस्टुरेन्टहरूमा दोहोरी लोकगीत गाएर जीविकोपार्जन गर्ने लोकगायक तथा लोकगायिकाको सङ्ख्या पनि धेरै भइसकेको छ । त्यसैले नेपाली समाजमा छरिएर रहेका लोकगीतहरू नेपालीहरूका मनोरञ्जनका आधारमात्र नभई जीविकोपार्जनका माध्यम पनि भएका छन् । यही मर्म बोध गरेर मैले नेपाली लोकगीतको अध्ययन गर्ने सोच बनाएको हुँ ।

नेपाली लोकगीतका विविध भेदमध्ये सालैजो गीत पनि निकै प्रिय र प्रचलित लोकगीत हो । विशेष गरी गुरुङ तथा मगर जातिमा प्रचलित यो लोकगीत अहिले पनि प्रिय रहेको छ । आधुनिक युगको प्रभावका कारण यो सालैजो लोकगीत हराएर जान पनि सक्छ भन्ने सोचेर मैले **पैयुँखोले सालैजो गीतको विषयवस्तु र अलङ्कारविधान** शीर्षकमा अनुसन्धान गर्ने सोच बनाएँ । पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विभागको स्नातकोत्तर तहको दसौं पत्रको अध्ययन पुरा गर्ने प्रयोजनका लागि शोधप्रस्ताव तयार पारी विभागमा बुझाएँ । त्यस पछि श्रद्धेय गुरु डा.कुसुमाकर न्यौपानेको निर्देशनमा प्रस्तुत शोधपत्र तयार गरें । श्रद्धेय गुरु डा.न्यौपानेले दिएको निर्देशनले मभित्रको अनुसन्धान गर्ने उत्कण्ठलाई मूर्त रुप दिई यो शोधपत्र तयार भएको हो । त्यसैले सर्वप्रथम **शोधनिर्देश डा.कुसुमाकर न्यौपाने** प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस्तै अनुसन्धानको वातावरण सिर्जना गरिदिई सहयोग पुऱ्याइदिनुभएकोमा पृथ्वीनाराय क्याम्पस पोखराका नेपाली विभागका विभागीय प्रमुख प्रा.डा.विष्णुप्रसाद पौडेल र त्यस विभागका अनुसन्धान समिति प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस्तै श्रद्धेय गुरु श्रीधर न्यौपानेको सहयोग मेरो अनुसन्धान कार्यका निम्ति सहयोगी बन्यो । मेरा परिवारजन र जनता उ.मा.वि.भोर्ले पर्वतका शिक्षक साथीहरूको सद्भावले पनि मलाई तागत दियो । त्यसैले उहाँहरू सबैलाई धन्यवादज्ञापन गर्नु आफ्नो कर्तव्य सम्झेको छु ।

अन्त्यमा उचित मूल्याङ्कनका लागि प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गरेको छु ।

**मिति** : वि.सं. २०७१ । १२ । ०५
ई.सं. १९-०३-२०१५

**रामबहादुर गुरुङ**
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
स्नातकोत्तर तह,दोस्रो वर्ष
क्रमाङ्क : ५३/०६४
त्रि.वि.द.नं.:६-१-२९८-८८-२०००

**विषयसूची**


| | |
|---|---|
| स्वीकृतिपत्र | क |
| निर्देशकको मन्तव्य | ख |
| कृतज्ञताज्ञापन | ग |
| विषयसूची | घ |

पहिलो अध्याय

**विषयपरिचय**

| | |
|---|---|
| १.१ शीर्षक | १ |
| १.२ प्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ उद्‌देश्यकथन | १ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ औचित्य | ६ |
| १.७ क्षेत्र र सीमा | ७ |
| १.८ शोधविधि | ७ |
| १.९ परिच्छेदविभाजन | ७ |

दोस्रो अध्याय

**सालैजो गीतको सैद्धान्तिक परिचय**

| | |
|---|---|
| २.१ सालैजो गीतको परिभाषा | ९ |
| २.२ सालैजो गीतका तत्त्व | १० |
| २.३ सालैजो गीतका प्रकार | १० |
| २.४ सालैजो गीतका विशेषता | १२ |
| २.५ सालैजो गीत र अन्य विधा | १६ |
| २.६ निष्कर्ष | २० |

तेस्रो अध्याय

**पैयुँखोले सालैजो गीतको परिचय र वर्गीकरण**

| | |
|---|---|
| ३.१ वर्गीकरणको पृष्ठभूमि | २१ |
| ३.२ सालैजो गीतको वर्गीकरण | २१ |
| ३.३ निष्कर्ष | २७ |

चौथो अध्याय

## पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तु र काव्यात्मक पक्ष

| | |
|---|---|
| ४.१ पैयुँखोले सालैजो गीतको विश्लेषण | २८ |
| ४.२ पैयुँखोले सालैजो गीतमा अलङ्कारविधान | ३९ |
| ४.३ निष्कर्ष | ४४ |

पाँचौं अध्याय

## निष्कर्ष र सुझाउ

| | |
|---|---|
| ५.१ सारांश | ४५ |
| ५.२ निष्कर्ष | ४६ |
| ५.३ सुझाउ | ४६ |
| **सन्दर्भकृतिसूची** | **४८** |
| परिशिष्ट<br>**पैयुँखोले सालैजो गीतको सङ्कलन** | **५०** |

# पहिलो अध्याय

# **शोधपरिचय**

## १.१ शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **पैयुँखोले सालैजो गीतमा विषयवस्तु र अलङ्कारविधान** शीर्षकको रहेको छ ।

## १.२ प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखराअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

## १.३ समस्याकथन

प्रस्तुत शोधपत्र पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तु र अलङ्कारविधानको स्थिति कस्तो छ ? भन्ने मुख्य समस्यामा केन्द्रित रहेको छ । यही मुख्य समस्याअन्तर्गत रही अध्ययन गर्ने क्रममा यस शोधपत्रका आङ्गिक समस्या यस प्रकारका रहेका छन् :

(क) पैयुँखोले सालैजो गीत कुन कुन हुन् ?

(ख) पैयुँखोले सालैजो गीत कति प्रकारका छन् ?

(ग) पैयुँखोले सालैजो गीतको विषयवस्तु के हो ?

(घं) पैयुँखोले सालैजो गीतमा कुन कुन अलङ्कारको प्रयोग भएको छ ?

## १.४ उद्देश्यकथन

प्रस्तुत शोधपत्र मुख्य उद्देश्य पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तु र अलङ्कारविधानको स्थिति पहिल्याउनु हो । यही मुख्य उद्देश्यमा केन्द्रित रही अध्ययन गर्ने क्रममा यस शोधपत्रका आङ्गिक उद्देश्य यस प्रकारका रहेका छन् :

(क) पैयुँखोले सालैजो गीत पहिल्याउनु ।

(ख) पैयुँखोले सालैजो गीत कति प्रकार पहिल्याउनु ?

(ग) पैयुँखोले सालैजो गीतको विषयवस्तु पहिल्याउनु ?

(घं) पैयुँखोले सालैजो गीतमा प्रयोग भएका अलङ्कारको स्थिति देखाउनु ?

## १.५ पूर्वकार्यको समीक्षा

सालैजो गीत पैयुँखोला क्षेत्रमा मात्र प्रचलित नभई नेपालका अन्य जिल्लामा पनि प्रचलित छ । त्यसमा पनि नेपालको पश्चिमाञ्चलमा विशेष प्रचलित छ । त्यसैले यो गीत पश्चिमाञ्चल क्षेत्रको परिचायक लोकगीत हो । यस गीतको पूर्वकार्यको समीक्षा गर्दा पैयुँखाला क्षेत्र पर्वतमा पर्ने र यस जिल्लाको सालैजो गीत र पैयुँखोला क्षेत्रको सालैजो गीतमा त्यती अन्तर नदेखिने भएकाले पर्वत जिल्लाका सालैजो गीतमा लेखिएका तथ्यहरूलाई पूर्वकार्य भनेर लिन उचित हुन्छ । यस्तै यस जिल्लासँग जोडिएका अन्य जिल्लामा प्रचलित सालैजो गीतका बारेमा गरिएका अध्ययनलाई पनि यहाँ पूर्वकार्य भनी समीक्षा गर्दा तथ्यलाई वस्तुपरक बनाउन सजिलो पर्छ । त्यसैले यहाँ पैयुँखोला क्षेत्रमा केन्द्रित भई गरिएका अध्ययन र पर्वत जिल्लासँग जोडिएका अन्य जिल्ला र क्षेत्रमा केन्द्रित भई गरिएका अध्ययनलाई पूर्वकार्यको विवरण बनाई तिनको समीक्षा गर्दै निष्कर्ष निकाल्ने काम यहाँ गरिँदै छ ।

(क) लीलासिंह कर्मा, **हाम्रो लोकसाहित्य** (२०२३)

सिन्धुलीमाडीबाट लेखक स्वयम्‌कै लेखन र प्रकाशनमा प्रकाशित यस पुस्तकमा नेपालका विभिन्न क्षेत्रका लोकगीतका बारेमा प्रकाश पारिएको छ । त्यस क्रममा सालैजो गीतलाई कतै **सलाइजो** त कतै **सलाइज्यो** भनी केही उदाहरण प्रस्तुत गरिएको छ (कर्मा, २०२३ : १३-१४) । यस पुस्तकमा पैयुँखोले सालैजो गीत भनेर कतै औंल्याइएको छ ।

(ख) धर्मराज थापा, **गण्डकीका सुसेली** (२०३०)

तत्कालीन नेपाली राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौंबाट प्रकाशित यस पुस्तकमा सालैजो गीतलाई कतै **सालैज्यो** (थापा, २०३० : २१२) भनिएको छ अनि कतै **सालैजो** ( थापा, २०३० : २०४८) भनेर उल्लेख गरिएको छ । त्यस क्रममा सालैजो गीतका केही

उदाहरण प्रस्तुत गरिएको छ । यस पुस्तकमा पैयुँखोले सालैजो गीतका बारेमा केही उल्लेख गरिएको छैन ।

(ग) कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास** (२०२८)
स्याङ्जाबाट लेखक आफैले लेखन र प्रकाशन गरेको प्रस्तुत पुस्तकमा सालैजो गीतलाई **सालैजो** नाम दिएर चिनाएका छन् (पन्त, २०२८ : १३०) । त्यस क्रममा यस गीतका केही चरनहरू पनि प्रस्तुत गरेका छन् । यसमा पनि पैयुँखोले सालैजो गीतको चर्चा गरिएको छैन ।

(घ) बालकृष्ण पोखरेल (संयो.), **नेपाली बृहत् शब्दकोश** (२०४४)

तत्कालीन नेपाल प्रज्ञाप्रतिष्ठान काठमाडौंबाट प्रकाशित **नेपाली बृहत् शब्दकोशमा** सालैजो गीतलाई व्युत्पत्ती गरेर चिनाउने क्रममा **साला ज्यू** मिलेर **सालैज्यू** शब्द बनेको भनेर उल्लेख गरिएको छ (पोखरेल (संयो.), २०४४ : १३४०) । पैयुँखोले लोकगायकले यो व्यत्पत्ती स्विकार्दैनन् । त्यहाँका लोकगायकले **साली ज्यू** मिलेर **सालैजो** हुन गएको कुरा स्पष्ट पार्दछन् ।

(ङ) कुसुमाकर न्यौपाने, **पैयुँखोले सालैजो गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०४४)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको प्रस्तुत शोधपत्रमा पैयुँखोले लोकगीतको अध्ययन गर्ने क्रममा सालैजो गीतको बारेमा पनि चर्चा गरिएको छ । त्यस क्रममा पैयुँखोले सालैजो गीतको परिचय दिइएको छ, तिनलाई वर्गीकरण गरिएको छ, तिनका विशेषता पनि उल्लेख गरिएको छ अनि वर्गीकृत सालैजो गीतका केही उदाहरण सङ्कलन गरिएको छ (न्यौपाने, २०४४ : ) । यस शोधपत्रले पैयुँखोले लोकसमाजले यस गीतलाई **सालैजो** नै भनेर चिनाउने गरेको कुरा औंल्याएको छ । अध्ययनको इतिहास नियाल्दा यही शोधपत्र नै पैयुँखोले सालैजो गीतको अध्ययनको आरम्भ गर्ने कृति बनेर देखापरेको छ ।

(च) कुसुमाकर न्यौपाने, “सालैजो गीतको वर्गीकरण र परिचय” **सिर्जना** (वर्ष अङ्क २०४७)

वन विज्ञान अध्ययन संस्थान, केन्द्रीय क्याम्पस पोखराबाट वार्षिक रूपमा प्रकाशित यस पत्रिकामा "सालैजो गीतको वर्गीकरण र परिचय" शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा सालैजो गीतलाई वर्गीकरण गरी सोदाहरण चिनाइएको छ । त्यस क्रममा अग्रज अध्येताले गरेका व्युत्पत्ती, नामकरणका बारेमा समीक्षा गरिएको छ । समीक्षाबाट सलाइजो, सलाइज्यो, सालैज्यो, सालैज्यू नभनी लोकसमाजले भनेको **सालैजो** शब्द नै यस गीतको सही नाम हो भनी किटान गरिएको छ (न्यौपाने, २०४७ :  ) ।

त्रि.वि.नेपाली केन्द्रीय विभाग, पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विभाग र भैरहवा बहुमुखी क्याम्पस भैरहवाको नेपाली विभागबाट गराइएका शोधपत्रहरूको सर्वेक्षण गर्दा सालैजो गीतका बारेमा चर्चा गरेका केही शोधपत्रहरू फेला परेका छन् । ती शोधपत्रहरूको विवरण यस प्रकारका छन् :

(क) नारायणप्रसाद अधिकारी, **स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण**( ज्याग्दीखोला क्षेत्रमा  केन्द्रित), नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं (२०४३)

(ख) दिनबहादुर थाप, **गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं (२०५०)

(ग) देवेन्द्रबहादुर खत्री, **गलकोट खुवा क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं (२०५८)

(घ) राधिका मल्ल, **म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर, काठमाडौं  (२०५८)

(ङ) तुलसीराम खनाल, **आँधीखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर, काठमाडौं  (२०६०)

(च) झविन्द्र महत, **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर, काठमाडौं  (२०६०)

(छ) दीपक भुषाल, **पर्वत जिल्लाको ज्ञादी क्षेत्रमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं  (२०६३)

(ज) चिन्तामणि तिमिल्सिना, **कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं  (२०६४)

(झ) घनश्याम खरेल, **गुल्मी जिल्लाको विद्रुम गा.वि.स.मा प्रचलित लोकगीतहरूको अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं (२०६४)

(ञ) विष्णुप्रसाद घिमिरे, **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं (२०६४)

(ट) कमलराज ढुङ्गाना, **कास्कीको पूर्वोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर, काठमाडौं (२०६६)

(ठ)रामजीप्रसाद ढुङ्गाना, **पुला क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६२)

(ड) आनन्दप्रसाद शर्मा, **आर्थर डाँडाखर्क गा.वि.स.मा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६४)।

(ढ) धनबहादुर शाही, **सर्कुवा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६५)

(ण) कुलप्रसाद शर्मा, **उपल्लो आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६५)

(त) बुद्धिबहादुर राना, **पूर्वोत्तर स्याङ्जाली सालैजो गीतको सङ्कलन, अध्ययन र विश्लेषण,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६६)

(थ) अजयमिलन श्रेष्ठ, **बेनी गलेश्वर क्षेत्रमा पैचलित लोकगीतको अध्ययन,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६६)

(द) विष्णुहरि शर्मा, **कास्कीकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६७)

(ध) शिव बानियाँ, **बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६९)

(न) मञ्जु थापा, **कृस्ती नाच्ने चौर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६९)

(प) गीता गौतम, **दरौंखोला क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन,** त्रि.वि.पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग (२०६९)

(फ) मनबहादुर कुँवर, **गुल्मी जिल्लाको पश्चिमी क्षेत्रका लोकगीतको अध्ययन,** भैरहवा बहुमुखी क्याम्पस भैरहवा (२०६७)

(ब) मन्जु शर्मा, **पर्वत जिल्लाको मुडिकुवा क्षेत्रमा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** भैरहवा बहुमुखी क्याम्पस भैरहवा (२०६७)

(भ) खिमप्रकाश घिमिरे, **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन,** भैरहवा बहुमुखी क्याम्पस भैरहवा (२०६८)

सालैजो गीतका बारेमा लेखिएका उक्त विवरण हेर्दा पैयुँखोले सालैजो गीतका बारेमा लेखिएका पुस्तक फेला परेका छैनन् । स्नातकोत्तर तहको शोधपत्र लेख्ने क्रममा कुसुमाकर न्यौपानेले २०४४ सालमा **पैयुँखोले सालैजो गीतको सङ्कलन, वर्गीकरण र विश्लषण** शीर्षकको शोधपत्रमा पैयुँखोले सालैजो गीतको परिचय, वर्गीकरण, विशेषता औंल्याउँदै त्यहाँ प्रचलित सालैजो गीतका उदाहरण प्रस्तुत गरेको पाइन्छ । यसपछि २०४७ सालमा कुसुमाकर न्यौपानेले “सालैजो गीतको वर्गीकरण र परिचय” शीर्षकको लेख **सिर्जना** नामक पत्रिकामा छपाएका छन् जुन पैयुँखोले सालैजो गीतको प्रभावमा लेखिएको लेखका रूपमा देखिएको छ । त्यसपछि कुसुमाकर न्यौपानेको २०६८ सालमा “पैयुँखोले गुरुङ जातिमा प्रचलित लोकगीत” शीर्षकको लेख **म्होप्रिल्हो** नामक पत्रिकामा छापिएको छ जसमा पैयुँखोले सालैजो गीतलाई सोदाहरण चिनाइएको छ ।

यसपछि अन्य कृतिहरूको विवरणलाई नियाल्दा पैयुँखोला क्षेत्रको छिमेकी जिल्ला स्याङ्जाको एउटा क्षेत्रविशेषमा केन्द्रित भई बुद्धिबहादुर राना, **पूर्वोत्तर स्याङ्जाली सालैजो गीतको सङ्कलन, अध्ययन र विश्लेषण** शीर्षकको शोधपत्र तयार गरेको पाइएको छ । यो शोधपत्र नै सालैजो गीतको पहिलो शोधपत्र हो भन्ने देखिएको छ । यी बाहेक अन्य पुस्तक, शोधपत्र र लेखमा सालैजो गीतका बारेमा प्रकाश पारेको पाइन्छ ।

उक्त सबै कृतिलाई हेर्दा सालैजो गीत नेपालको महत्त्वपूर्ण लोकगीतिविधा भएको तथ्य उजागर भएको छ । यस्तो हुँदा हुँदै पनि पैयुँखोले लोकगीतका बारेमा विस्तृत अध्ययन भएको कतै भेटिएन । त्यसैले यहाँ पैयुँखोले सालैजो गीत सङ्कलन गरी चिनाउनुका साथै तिनलाई वर्गीकरण गरी विषयवस्तु र अलङ्कारका आधारमा यहाँ विश्लेषण गरेर निष्कर्ष निकाल्ने काम गरिएको हो ।

## १.६ औचित्य

प्रस्तुत शोधपत्रले सालैजो गीतको स्पष्ट चिनारी दिन्छ । यस्तै यसका प्रकारलाई पनि चिनाउँछ । यसमा समाविष्ट विषयवस्तु र अलङ्कारको अवस्थालाई प्रस्ट्याउँछ । सालैजो

गीतका अध्येतालाई बाटो देखाउँछ । यसका गायकलाई पनि दिशानिर्देश गर्दछ । नेपाली सालैजो गीतको अध्ययन परम्परामा एउटा आधार बन्दछ । यिनै कारणले यो शोधपत्र औचित्यपूर्ण हुन पुगेको छ ।

## १.७ क्षेत्र र सीमा

पर्वत जिल्लाको दक्षिणी भेकमा पर्ने एउटा खोलाको नाम पैयुँखोला हो । यही खोलासँग नजिक रहेका गा.वि.स.लाई यहाँ पैयुँखोला क्षेत्र भनिएको छ । यस क्षेत्रभित्र पर्ने गा.वि.स.हरू यस प्रकारका छन् :- भोर्ले, बालकोट, सरौंखोला, होश्राङ्दी, हुवास, त्रिवेणी, बेउलीवास, उराम, टकलाक, वाहाकी, शालिग्राम । यिनै गा.वि.स.मा प्रचलित सालैजो गीतको अध्ययन गर्नु यस शोधपत्रको अध्ययन क्षेत्र र यहाँबाट सङ्कलन गरिएका सालैजो गीतलाई वर्गीकरण गरी विषयवस्तु र अलङ्कारका आधारमा विश्लेषण गर्नु यस शोधपत्रको सीमा हो ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्र सम्पन्न गर्न मुख्यतः दुईवटा शोधविधि अपनाइएको छ । ती हुन् :- (क) क्षेत्रीय विधि (ख) पुस्तकालयीय विधि । क्षेत्रीय विधिअन्तर्गत सम्बन्धित अध्ययन क्षेत्रमा गई सालैजो गीतका सम्बन्धित गायकगायिका तथा सालैजो गीतसँग सम्बन्धित मान्छेसँग भेटघाट गरी छलफल गरेर अनि अन्तर्वार्ता लिएर सालैजोगीतका गायकगायिका पहिल्याइएको हो । ती गायक गायिकालाई सालैजो गीत गाउन लगाई फरक फरक ठाउँका फरक फरक जातिका पुरुष तथा स्त्रीसँग सालैजो गीत सङ्कलन गरिएको हो । सङ्कलित सालैजो गीतलाई पुस्तकालयीय विधि अर्थात् सन्दर्भ कृतिको अध्ययनका माध्यमबाट विश्लेषण गरिएको हो । शोधका यस्ता विविध विधि अपनाई यो शोधपत्र तयार पारिएको हो ।

## १.९ परिच्छेदविभाजन

प्रस्तुत शोधपत्रलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्न यसका परिच्छेदलाई विभिन्न अध्यायमा विभाजन गरिएको छ । ती परिच्छेद वा अध्याय यस प्रकारका छन् :

| | |
|---|---|
| पहिलो अध्याय | विषय परिचय |
| दोस्रो अध्याय | सालैजो गीतको सैद्धान्तिक स्वरूप |

| | |
|---|---|
| तेस्रो अध्याय | पैयुँखोले सालैजो गीतको वर्गीकरण र परिचय |
| चौथो अध्याय | पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तु र अलङ्कार विधान |
| पाँचौं अध्याय | निष्कर्ष |
| परिशिष्ट | सालैजो गीतहरूको सङ्कलन |

यसरी यस शोधपत्रको पहिलो अध्यायमा यस शोधको विषयपरिचय दिइएको छ । दोस्रो अध्यायमा सालैजो गीतको सैद्धान्तिक स्वरुप उल्लेख गरिएको छ । तेस्रो अध्यायमा पैयुँखोले सालैजो गीतको वर्गीकरण गरी तिनलाई चिनायएको छ । चौथो अध्यायमा पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तुविधान अलङ्कारविधानको स्थितिलाई देखाइएको छ । पाँचौं अध्यायमा यस शोधपत्रको निष्कर्ष प्रस्तुत गरिएको छ । परिशिष्टमा यस शोधकार्यसित सम्बन्धित सालैजो गीतहरूको सङ्कलन गरी अन्त्यमा सन्दर्भकृतिको सूची उल्लेख गरिएको छ ।

दोस्रो अध्याय

# सालैजो गीतको सैद्धान्तिक परिचय

## २.१ सालैजो गीतको परिभाषा

नेपाली लोकगीति क्षेत्रको एउटा महत्त्वपूर्ण विधा सालैजो गीत हो । यो गीत विशेष गरी नेपालको पश्चिमाञ्चल क्षेत्रमा प्रचलित छ । केही मात्रामा राप्ती अञ्चलमा पनि यो गीत प्रचलित छ । यो गीत गुरुङ र मगर जातिका मानिसले गाउँछन् । यसको प्रभावका कारण अन्य जातिका मानिसले पनि यो गीत गाउँछन् । बाह्रै महिना जुनसुकै बेला पनि गाइने भएकाले यस गीतलाई बाह्रमासे गीतअन्तर्गत राख्ने गरिएको छ । यस गीतको गायनमा मादल नामको बाजा प्रयोग हुन्छ ।

सालैजो गीतका बारेमा सङ्केतिक अध्ययन धेरै भए पनि थोरै कृतिमा मात्र यस गीतलाई परिभाषामा बाँधेर चिनाउने काम गरेको भेटिन्छ । त्यस्ता परिभाषाहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ :

> *"नेपालका चर्चित गीतमध्येको एउटा गीत सालैजो गीत हो ।* ***सालैजो*** *थेगो प्रयोग गर्दै गाइने यस गीतको* ***सालैजो*** *शब्द* ***साली*** *र* ***ज्यू*** *शब्दको मेलबाट निर्मित भएको हो । विशेष गरी गुरुङ र मगर जातिमा प्रचलित यस गीतको गायनमा महिला सहभागिता भए पनि पुरुषको सक्रियता बढी हुन्छ (न्यौपाने, २०७० : ४०) ।"*
>
> *मगर जातिले मादल बजाउँदै गाउने रोदीगीतको एक भेद सालैज्यू गीत हो ( पोखरेल (संयो.) २०६० : १२६८) ।*

उक्त परिभाषा र स्थानीय लोकगायक र लोकसमाजसँगको सर्वेक्षण गर्दा सालैजो गीतलाई **सालीज्यू** नभनी सालैजो नै भन्नुपर्ने देखिन्छ । यो गीत विशेष गरी गुरुङ जातिमा प्रचलित लोकगीत हो । यी सबै कुरालाई मनन गर्दै यस गीतलाई परिभाषित गर्ने हो भने यस्तो परिभाषामा बाँध्न उचित देखिएको छ : **गुरुङ तथा मगर जातिका मानिसले गाउने मनोरञ्जनमूलक बाह्रमासे गीत सालैजो गीत हो जसको गायनमा मादलको नामको बाजाको प्रयोग हुन्छ अनि जसका विभिन्न भेद पाइन्छन् ।**

## २.२ सालैजो गीतका तत्त्व

नेपाली लोकगीतका तत्त्वका बारेमा केही कृतिहरूले चर्चा गरेका छन् । **पाल्पाका लोकगीत : अध्ययन र विश्लेषण** नामक पुस्तकमा लोकगीतका मुख्य तत्त्व सन्देश, भाषा, छन्द, अलङ्कार, लय, चरन, थेगो र सहायक तत्त्व नृत्य र वाद्य भनी उल्लेख गरिएको छ ( कक्षपति, २०५२ : ७-८) । **नेपाली लोकगीतको आलोकमा** प्रमुख तत्त्व भित्र संरचना, लय, गेयता, कथनपद्धति, भाषा, भाव र सहायक तत्त्वअन्तर्गत नृत्य र वाद्य पर्दछन् भनी चर्चा गरिएको छ (पराजुली, २०५७ : ७६) । **नेपाली लोकसाहित्य** नामक पुस्तकमा कथ्य, भाषा, चरन वा पद, स्थायी र अन्तरा, रहनी वा वथन, लय र भाकालाई मुख्य तत्त्व र नृत्य र वाद्यलाई पनि लोकगीतका तत्त्व हुन सक्छन् भनी चर्चा गरिएको छ (बन्धु, २०५८ : ११५) । **नेपाली लोकगीत** नामक पुस्तकमा सन्दर्भ, विषयवस्तु र भाव, भाषा, स्थायीअन्तरा र थेगो, लय, शैली भनेर नेपाली लोकगीतका ६वटा तत्त्व हुन्छन् भनी विवेचना गरिएको छ ( न्यौपाने, २०७० : ४) ।

यसरी पूर्व अध्येताका पुस्तक कृतिहरूलाई सर्वेक्षण गर्दा नेपाली लोकगीतका तत्त्वका बारेमा प्रकाश पारेको पाइन्छ । तिनमा सालैजो गीतका तत्त्वका बारेमा कतै उल्लेख गरेको भेटिँदैन । यस्तो अवस्थामा बुद्धिबहादुर रानाले तयार पारेको **पूर्वोत्तर स्याङ्जाली सालैजो गीतको सङ्कलन, अध्ययन र विश्लेषण** शीर्षकको शोधपत्रमा सालैजो गीतका बारेमा उल्लेख गरिएको छ । यी सबैलाई मनन गर्दै यहाँ सालैजो गीतका तत्त्व यस प्रकारका हुन्छन् भनी किटान गरिएको छ : (क) सन्दर्भ, (ख) विषयवस्तु र भाव, (ग) भाषा, (घ) स्थायीअन्तरा र थेगो, (ङ) लय, (च) शैली ।

## २.३ सालैजो गीतका प्रकार

सालैजो गीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । जस्तै : जाति, स्थान, रस, विषयवस्तु, टुक्काप्रयोग आदि । जातिका आधारमा हेर्दा गुरुङले गाउने सालैजो, मगरले गाउने सालैजो जस्ता प्रकार देखापर्दछन् । स्थानका आधारमा हेर्दा पैयुँखोले सालैजो, आँधीखोले सालैजो, कालीपारे सालैजो आदि । रसका आधारमा हेर्दा श्रृङ्गार रसप्रधान सालैजो, हास्य रस प्रधान सालैजो, करुण रस प्रधान सालैजो आदि । विषयवस्तुका आधारमा सामाजिक विषयवस्तुयुक्त सालैजो, आर्थिक विषयवस्तुयुक्त सालैजो, सांस्कृतिक

विषयवस्तुयुक्त सालैजो आदि । टुक्काप्रयोगको स्थितिका आधारमा हेर्दा सालैजो गीत विभिन्न प्रकारका देखापर्दछन् । जस्तै :

**(१) टुक्कायुक्त एकोहोरी लामो सालैजो गीत**

एउटा गीतका अन्त्यमा एउटा टुक्का जोडेर लामो लय हाली एकोहोरी किसिमले गाइने सालैजो गीतलाई टुक्कायुक्त एकोहोरी लामो सालैजो गीत भनिन्छ ।

**(२) टुक्कायुक्त दोहोरी लामो सालैजो गीत**

गीतका अन्त्यमा एउटा टुक्का जोडेर लामो लय हाली पुरुष र स्त्रीले प्रश्नोत्तरका रूपमा गाउने सालैजो गीत टुक्कायुक्त दोहोरी लामो सालैजो गीत हा ।

**(३) टुक्काविहीन एकोहोरी लामो सालैजो गीत**

गीतका अन्त्यमा टुक्का प्रयोग नगरी बिलम्बित लयमा एकोहोरी पाराले गाइने सालैजो गीतलाई टुक्काविहीन एकोहोरी लामो सालैजो गीत भनिन्छ ।

**(४) टुक्काविहीन दोहोरी लामो सालैजो गीत**

गीतको अन्त्यमा टुक्काको प्रयोग नगरी प्रश्नोत्तरका रूपमा लामो लय हाली गाइने सालैजो गीतलाई टुक्काविहीन दोहोरी लामो सालैजो गीत भनिन्छ ।

**(५) टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीत**

एउटा गीतका अन्त्यमा एउटा टुक्काको प्रयोग गरी द्रुत लयमा एकोहोरी पाराले गाइने सालैजो गीतको एउटा भेदलाई टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीत भनिन्छ ।

**(६) टुक्कायुक्त दोहोरी छोटो सालैजो गीत**

एउटा गीतका अन्त्यमा एउटा टुक्काको प्रयोग गरी द्रुत लयमा प्रश्नोत्तर गर्दै दोहोरो पाराले गाइने सालैजो गीतलाई टुक्कायुक्त दोहोरी छोटो सालैजो गीत भनिन्छ ।

**(७) टुक्काविहीन एकोहोरी छोटो सालैजो गीत**

गीतको अन्त्यमा टुक्काको प्रयोग नगरी द्रुत लयमा एकोहोरो पाराले गाइने सालैजो गीतको एउटा भेदलाई टुक्का विहीन एकोहोरी छोटो सालैजो गीत भनिन्छ ।

**(८) टुक्काविहीन दोहोरी छोटो सालैजो गीत**

गीतको अन्त्यमा टुक्काको प्रयोग नगरी द्रुत लयमा प्रश्नोत्तर गरिने दोहोरी खेलिने सालैजो गीतलाई टुक्काविहीन दोहोरी छोटो सालैजो गीत भनिन्छ ।

## २.४ सालैजो गीतका विशेषता

सालैजो गीतका विशेषताका बारेमा थोरै मात्र चर्चा भएको छ । लोकसाहित्यका अध्येता कुसुमाकर न्यौपानेले सालैजो गीतका विशेषताका बारेमा फरक फरक अध्ययनमा आफ्ना धारणा राखेका छन् । कुसुमाकर न्यौपानेले **पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** नामक स्नातकोत्तर शोधपत्रमा पैयुँखोले सालैजो गीतका ६ वटा विशेषता औंल्याएका छन् (न्यौपाने, २०४४ : ४५) । यस्तै कुमार रानाले पैयुँखोला क्षेत्रसँगै जोडिएको स्याङ्जाको आँधीखोले सालैजो गीतको अध्ययन गर्ने क्रममा पुरानो भाका, महिला पुरुषको सामुहिक अनिवार्यता, झ्याउरे गीतहरूको उपस्थिति, प्रेमभावको प्रधानता, मनोरञ्जनात्मकता, लयगत विविधता, मौलिकता र सरलता गरी सालैजो गीतका सातवटा विशेषता उल्लेख गरेका छन् (राना, २०६५ : २४-२५) । **नेपाली लोकगीत** नामक पुस्तकमा मनोरञ्जनमूलक सन्दर्भ, सालैजो थेगोको प्रयोग गर्दै गाइनु, सामाजिक विषयवस्तु, भावगत विविधता भए पनि प्रणय भावको प्रधानता, जातिगत लोकभाषाको प्रयोग, अन्तरा र थेगोको प्रयोग, लयगत विविधता, वर्णनात्मक तथा आत्मकथनात्मक शैलीको प्रयोग हुनु, मनोरञ्जन गर्ने उद्देश्यले गाइनु, गायनमा पुरुष तथा स्त्री सबैको सहभागिता हुनु, मादल तथा नृत्यको प्रयोग हुन अनि स्वतन्त्र खालको संरचना हुनु यस सालैजो गीतका विशेषता हुन् भनी बुँदागत रुपमा सालैजो गीतका विशेषता औंल्याएको छ (न्यौपाने, २०७० : ४२) । पूर्व अध्येताका यी विचार र सालैजो गीतलाई मनन गर्दा सालैजो गीतका विशेषतालाई निम्न लिखित् बुँदामा समेट्न सकिन्छ : (१) मनोरञ्जनमूलक सन्दर्भ (२) सालैजो थेगोको प्रयोग (३) सामाजिक विषयवस्तु (४) प्रणयभावको प्रधानता (५) जातिगत लोकभाषाको प्रयोग (६) अन्तरा र थेगोको प्रयोग (७) लयगत विविधता (८) वर्णनात्मक तथा आत्मकथात्मक शैली (९) मनोरञ्जन गर्ने उद्देश्य (१०) मादल तथा नृत्यको प्रयोग (११) स्वतन्त्र खालको संरचना ।

### (१) मनोरञ्जनमूलक सन्दर्भ

सालैजो गीत मनोरञ्जनमूलक गीत हो । बाह्रै महिना गाइने यस बाह्रमासे गीत गाउँदा घर, गोठ, वन, भिर आदि मनोरञ्जन गर्न मिल्ने अनौपचारिक खालको ठाउँ महत्वपूर्ण मानिन्छ । त्यस ठाउँमा बसेर बैंस भरिएका रमाइला ठिटा तथा तरुनीले गाउँमा यो गीत गमिलो हुन्छ । मादलको नामको बाजा र फुर्तिलो नृत्यको प्रयोगले यो गीत

मनमोहक हुन्छ । मेला, जात्रा, पर्वका अवसरमा गाउँदा पनि यस गीतले मान्छेको मनलाई रोमाञ्चित तुल्याउँछ । यो गीत गाउने, यस गीतमा नाच्ने र यो गीत सुन्ने सबैले मनोरञ्जन गरेका हुन्छन् । यसरी मनोरञ्जन गर्ने उद्देश्यले गाइनु सालैजो गीतको एउटा विशेषता हो ।

**(२) सालैजो थेगोको प्रयोग**

सालैजो गीतमा सालैजो थेगो प्रयोग हुन्छ । यो थेगो प्रायः एउटा चरनको दसौं र बिसौं अक्षरपछि प्रयोग हुन्छ । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा चरन तलन प्रस्तुत गरिएको छ :

सेतीलाई बेनी हुलैरो उठ्यो **सालैजो**
लौरीले ठेलुँला
येसै रो गरी मयाँलुसँग **सालैजो**
कति दिन भेटुँला

**(३) सामाजिक विषयवस्तु**

सालैजो गीतमा विभिन्न विषयवस्तु आएका हुन्छन् । त्यस्ता विषयवस्तुमध्ये कुनै सालैजो गीतमा साँस्कृतिक विषयवस्तु, कुनै सालैजो गीतमा आर्थिक विषयवस्तु, कुनै सालैजो गीतमा धार्मिक विषयवस्तु, कुनै सालैजो गीतमा राजनैतिक विषयवस्तु आएका हुन्छन् । यी सबै समाजकै फरक फरक पक्ष हुन् । यी पक्षका साथै सालैजो गीतमा सामाजिक विषयवस्तु प्रबल बनेर आएका हुन्छ । समाजका सुख, दुख, माया, पिरती, हाँसो, आँसु, बह, बिलौना, विधिव्यवहार आएका हुन्छन् । त्यसैले सालैजो गीतको एउटा विशेषता सामाजिक विषयवस्तु बनेर देखापरेको छ ।

**(४) प्रणयभावको प्रधानता**

सालैजो बाह्रै महिना गाइने मनोरञ्जनमूलक गीत हो । यस गीतमा विभिन्न रसभाव परिपाक हुन्छन् । श्रृङ्गार, हास्य, करुण, रौद्रलगायतका विविध भावयुक्त सालैजो गीत त पाइन्छन् । तीमध्ये पनि हेर्दा सालैजो गीतमा पुरुष तथा स्त्रीका बिचका प्रेमका कुराकानी

बढी मुखरित हुन्छन् । तिनका प्रणयका कुरा व्यक्त भएका हुन्छन् । त्यसैले प्रणयभावको प्रधानता हुनु सालैजो गीतको अर्को एउटा विशेषता  हो ।

**(५) जातिगत लोकभाषाको प्रयोग**

सालैजो गीत गुरुङ र मगर जातिका मानिसका साथै अन्य जातिका मानिसले पनि गाउछन् । नेपाली भाषामा गाइने यस गीतको गायनमा गुरुङ जातिको सहभागिता छभने गुरुङ जातिको उच्चारणगत सुगन्ध आउँछ । यस्तै मगर जातिले गाउँदा मगर जातिले बोल्ने नेपाली भाषाको उच्चारणगत विभेद भेटिन्छ । बाहुनले गाएमा बाहुनले बोल्ने नेपाली भाषाको जातिगत तथा स्थानगत विभेद भेटिन्छ । यसरी सालैजो गीतमा जातिगत लोकभाषाको बहुलता पाइन्छ जुन यस गीतको एउटा विशेषता हो ।

**(६) अन्तरा र थेगोको प्रयोग**

सालैजो गीतमा लोकगीतका स्थायी, अन्तरा र थेगो तत्त्वमध्ये अन्तरा र थेगो मात्र प्रयोग भएको पाइन्छ । यस गीतको मुख्य थेगो सालैजो हो । सालैजो थेगो प्रत्येक चरनको दसौं र बिसौं अक्षरमा प्रयोग हुन्छ । यो मुख्य थेगो बाहेक अन्य थेगोहरूमा हा, हे, ओहोइ, हो हो, सइट, होए होए जस्ता थेगोहरू प्रत्येक चरनको आदि र अन्त्यमा बढी पयोग हुन्छन् ।

**(७) लयगत विविधता**

सालैजो गीत विभिन्न लयका हुन्छन् । एउटै जाति र गाउँमा पनि फरक फरक लयका सालैजो गाइन्छन् । फरक फरक जाति र फरक फरक गाउँमा फरक लयका सालैजो भेटिन्छन् । स्थानका आधारमा पनि पैयुँखोले सालैजो, आँधीखोले सालैजो, कालीपारे सालैजो, म्याग्दीको सालैजो,  बाग्लुको सालैजो भनेर स्थानका आधारमा सालैजो गीतका लय फरक फरक हुन्छन् । यस्तै ठाडो सालैजो, तेस्रो सालैजो, लसके सालैजो गरी यस लयमा विविधता पाइन्छन् । यस्तै प्रकारले टुक्का प्रयोग हुँदाको सालैजो अनि टुक्का प्रयोग नहुँदाको सालैजोको लय फरक खालको हुन्छ । यसरी सालैजो गीतमा लयगत विविधता भेटिन्छ जुन यस गीतको एउटा विशेषता हो ।

### (८) वर्णनात्मक तथा आत्मकथात्मक शैली

सालैजो गीतको शैली अन्य लोकगीतको भन्दा भिन्न हुन्छ । यस गीतका विभिन्न चरनमध्ये कुनैमा कुनै विषयको वर्णन गरिएको हुन्छ । कुनै गीतमा गायक वा गायिकाद्वारा आफ्ना आत्मकथा व्यक्त गरिएको हुन्छ । त्यसैले सालैजो गीतको शैली कि वर्णनात्मक हुन्छ अनि कि त आत्मकथात्मक हुन्छ । यस्तो शैली हुनु सालैजो गीतको एउटा विशेषता हो ।

### (९) मनोरञ्जन गर्ने उद्देश्य

सालैजो गीतमा सामाजिक विषयवस्तु आउँछ । त्यस विषयवस्तु भित्र प्रेम तथा विरहका कुरा व्यक्त गरिएको हुन्छ । यस्तै कतिपय ठाउँमा हाँसो लाग्दा कुरा पनि आएका हुन्छन् । यस्ता जेजस्ता पक्ष आए पनि सालैजो गीतले गाउने र सुन्ने दुवैलाई मनोरञ्जन दिन्छन् । सालैजो गीत गाउँदा बजाइने मादलको आवाजले पनि मनोरञ्जन गराउँछ । यस गीतमा नाच्ने व्यक्तिले पनि आफूले मनोरञ्जन गर्दै अरूलाई पनि प्रशन्न तुल्याउँछ । यसरी सालैजो गीत गाउनुको मुख्य उद्देश्य मनोरञ्जन गर्नु हो देखिएको छ । त्यसैले मनोरञ्जन गर्ने उद्देश्यले गाइनु सालैजो गीतको एउटा विशेषता हो ।

### (१०) मादल तथा नृत्यको प्रयोग

प्रायः धेरैजसा सालैजो गीतमा मादल नामको बाजा बजाउने गरिन्छ । यस्तै धेरैजसा सालैजो गीत नृत्य गरेकै कारण रोमाञ्चक बनेका हुन्छन् । यसरी सालैजो गीतले प्रायः बाजा र नाचको अपेक्षा गरेको हुन्छ । त्यसैले सालैजो गीतको श्रवण गर्दा लोकसङ्गीतका गीत, बाजा र नाच गरी तिनवटै पक्षको आस्वादन पाइन्छ । मादल र नृत्य विनाको सालैजो नुन नहालेको तरकारी जस्तो हुन्छ । यसरी मादल र नृत्यको प्रयोग हुनु सालैजो गीतको एउटा विशेषता बनेर देखापरेको छ ।

### (११) स्वतन्त्र खालको संरचना

सालैजो गीत विभिन्न प्रकारको हुन्छ । संरचनाकै आधारमा पनि सालैजो गीतका विभिन्न भेद पाइन्छन् । कुनै लामो संरचना भएका सालैजो हुन्छन् । कुनै मझौला खालको संरचना भएका सालैजो हुन्छन् । यस्तै कुनै छोटो संरचना भएका सालैजो हुन्छन् । कुनैमा टुक्का प्रयोगका कारण सालैजोको स्वरुप फरक देखिन्छ अनि कुनैमा टुक्का प्रयोग नहुँदा यसको स्वरुपगत संरचना फरक हुन्छ । गाउँदै गर्दा कुनै सालैजो गीतमा थेगोको प्रयोग

हुन्छ अनि कुनैमा नहुने पनि गर्दछ । यस्ता पक्षले गर्दा सालैजो गीतको संरचना स्वतन्त्र खालको हुन्छ । यसरी स्वतन्त्र खालको संरचना हुनु सालैजो गीतको विशेषता हो ।

## २.५ सालैजो गीत र अन्य विधा

नेपाली लोकगीतका अन्य विधाअन्तर्गत पर्ने विविध मध्येका चर्चित लोकगीतसित सालैजो गीत मिल्दोजुल्दो देखिन्छ । त्यसैले कहिले काहीँ सालैजो गीतका अध्येताले सालैजो गीतसित मिल्ने अन्य लोकगीतलाई पनि सालैजो भनेर चिनाउन खोज्छन् । सालैजो गीतसित नजिकको सम्बन्ध राख्ने अर्थात् सालैजो गीत जस्ता लोकगीतसित सालैजो गीतलाई छुट्ट्याउनु पर्दछ । त्यही स्पष्ट हुनका लागि यहाँ सालैजो गीतसित नजिकको सम्बन्ध राख्ने लोकगीतका प्रमुख केही विधालाई यहाँ प्रस्तुत गरिएको छ । सालैजो गीतसित सम्बन्ध राख्ने ती लोकगीति विधा यस प्रकारका छन् :- आलोमालो गीत, सुनिमयाँ गीत, नौतुने भाका, साइँलो दाइ, असारे गीत र कठै गीत ।

### २.५.१ सालैजो गीत र आलोमालो गीत

सालैजो गीत र आलोमालो गीत दुवै गुरुङ र मगर जातिले गाउने गीत हुन् । दुवैको दसौं र बिसौं अक्षरमा थेगोको प्रयोग हुन्छ । दुवै गीत एक्लै वा सामुहिक रूपमा गाउन सकिन्छ । दुवै गीत बाह्र महिना गाइने मनोरञ्जनमूलक गीत हुन् । दुवैमा प्रणयभावको प्रधानता हुन्छ । यिनै कारणले गर्दा यी दुई विधाका बिच नजिकको सम्बन्ध हुन पुगेको हो ।

सालैजो गीत र आलोमालो गीतमा भिन्नताका बुँदा धेरै छन् । सालैजो गीतमा सालैजो थोगोको प्रयोग हुन्छभने आलोमालो गीतमा आलोमालो थेगोको प्रयोग हुन्छ । सालैजो गीतमा मादल नामको बाजाको प्रयोग हुन्छ । आलोमालो गीत ढिलो हुने भएकाले बाजाको प्रयोग अनिवार्य हुँदैन । सालैजो गीतमा नृत्यको प्रयोग हुन सक्छ भने आलोमालो गीतमा नृत्यको प्रयोग हुँदैन । सालैजो जोसिलो गीत हो भने आलोमालो गीत अल्छी लाग्दो गीत हो । यिनै कारणले लोकगीतका यी दुई विधा भिन्न विधा बनेर चिनिएका हुन् । जानकारीका निम्ति सालैजो गीत र आलोमालो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

**पितले बल्छी सलक्कै निल्यो,** यो आलोमालो **पैयुँखोल बामले**
कि आयो म त चेलीको निउँले, कि आयो कामले

टुनी मरे माटोमुनि, पैयुँखोले बामले

**कि आयो म त, चेलीको निउँले, कि आयो कामले** (न्यौपाने, २०७० : ४२) ।

### २.५.२ सालैजो गीत र सुनिमयाँ गीत

सालैजो गीत र सुनिमयाँ गीत दुवै प्रायः गुरुङ र मगर जातिले गाउने गीत हुन् । दुवैको दसौं र बिसौं अक्षरमा थेगोको प्रयोग हुन्छ । दुवै गीत एक्लै वा सामुहिक रूपमा गाउन सकिन्छ । दुवै गीत बाह्र महिना गाइने मनोरञ्जनमूलक गीत हुन् । दुवैमा प्रणयभावको प्रधानता हुन्छ । यिनै कारणले गर्दा यी दुई विधाका बिच नजिकको सम्बन्ध हुन पुगेको हो ।

सालैजो गीत र सुनिमयाँ गीतमा भिन्नताका बुँदा धेरै छन् । सालैजो गीतमा सालैजो थोगोको प्रयोग हुन्छभने सुनिमयाँ गीतमा सुनिमयाँ थेगोको प्रयोग हुन्छ । सालैजो गीतमा दसौं र बिसौं अक्षरमा थेगोको प्रयोग हुन्छ भने सुनिमयाँ गीतमा आरम्भ, दसौं अक्षर, बिसौं अक्षरमा पनि सुनिमयाँ थेगोको प्रयोग हुन्छ । सालैजो गीतमा मादल नामको बाजाको प्रयोग हुन्छ । सुनिमयाँ गीत ढिलो हुने भएकाले बाजाको प्रयोग अनिवार्य हुँदैन प्रयोगमा आए पनि ढिलो ढिलो बजाइन्छ । सालैजो गीतमा नृत्यको प्रयोग हुन सक्छ भने आलोमालो गीत ढिलो हुने भएकाले नृत्यको प्रयोग हुँदैन । सालैजो जोसिलो गीत हो भने आलोमालो गीत अल्छी लाग्दो तर कर्णप्रिय मार्मिक गीत हो । यिनै कारणले लोकगीतका यी दुई विधा भिन्न विधा बनेर चिनिएका हुन् । जानकारीका निम्ति सुनिमयाँ गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

हा सुनिमयाँ हा **बातै र मुनि अम्लिसै यो दाली** हा सुनिमयाँ **पातै खायो किरीले**

खायो किरीले

हा सुनिमयाँ पातै खायो किरीले

हा सुनिमयाँ पातै खायो किरीले

हा सनिमयाँ हा **चेलीको डनिट येसै राम्रो ठियो** हा सुनिमयाँ **झनै राम्रो बिरीले**

हा सुनिमयाँ झनै राम्रो बिरीले

हा सुनिमयाँ झनै राम्रो बिरीले (न्यौपाने, २०७० : ४०) ।

### २.५.३ सालैजो गीत र नौतुने भाका गीत

सालैजो गीत र नौतुने भाका गीत दुवै गुरुङ र मगर जातिले गाउने गीत हुन् । दुवैको दसौं र बिसौं अक्षरमा थेगोको प्रयोग हुन्छ । दुवै गीत एक्लै वा सामुहिक रूपमा गाउन सकिन्छ । दुवै गीत बाह्र महिना गाइने मनोरञ्जनमूलक गीत हुन् । दुवैमा प्रणयभावको प्रधानता हुन्छ । यिनै कारणले गर्दा यी दुई विधाका बिच नजिकको सम्बन्ध हुन पुगेको हो ।

सालैजो गीत र नौतुने भाका नामका गीतमा भिन्नताका बुँदा पनि धेरै छन् । सालैजो गीतमा सालैजो थोगोको प्रयोग हुन्छभने नौतुने भाका नामको गीतमा हे थेगोको प्रयोग हुन्छ । सालैजो गीतमा मादल नामको बाजाको प्रयोग हुन्छ । नौतुने भाका नामको गीत ढिलो हुने भएकाले बाजाको प्रयोग अनिवार्य हुँदैन अनि भए पनि निकै ढिलो बजाइन्छ । सालैजो गीतमा नृत्यको प्रयोग हुन सक्छ भने नौतुने भाका नामको गीतमा नृत्यको प्रयोग सालैजोमा जस्तो हुँदैन । यिनै कारणले लोकगीतका यी दुई विधा भिन्न विधा बनेर चिनिएका हुन् । जानकारीका निम्ति नौतुने भाका नामको गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

हा **उँढोमा हेर्दा, टो काली गङ्गा,** हे **उँभो ट निरए**
हा उँभो ट निरए
हा **कि मलाई लाउछ मयाँको झल्को,** हे **कि लाउछ बिरए**
हा कि लाउछ बिरए
हे फेरि लैजाऊ मयाा
कि लाउछ बिरए (न्यौपाने, २०७० : ४४) ।

### २.५.४ सालैजो गीत र साइँलो दाइ गीत

सालैजो गीत र आलोमालो गीत दुवै गुरुङ र मगर जातिले गाउने गीत हुन् । दुवैको दसौं र बिसौं अक्षरमा थेगोको प्रयोग हुन्छ । दुवै गीत एक्लै वा सामुहिक रूपमा गाउन सकिन्छ । दुवै गीत बाह्र महिना गाइने मनोरञ्जनमूलक गीत हुन् । दुवैमा प्रणयभावको प्रधानता हुन्छ । यिनै कारणले गर्दा यी दुई विधाका बिच नजिकको सम्बन्ध हुन पुगेको हो ।

सालैजो गीत र साइँलो दाइ गीतमा भिन्नताका बुँदा धेरै छन् । सालैजो गीतमा सालैजो थोगोको प्रयोग हुन्छभने साइँलो दाइ गीतमा साइँलो दाइ र साइँलो थेगोको प्रयोग हुन्छ । सालैजो गीतमा मादल नामको बाजाको प्रयोग हुन्छ । साइँलो दाइ गीत ढिलो हुने

भएकाले बाजाको प्रयोग अनिवार्य हुँदैन । सालैजो गीतमा नृत्यको प्रयोग हुन सक्छ भने साइँलो दाइ गीतमा नृत्यको प्रयोग अनिवार्य हुँदैन । सालैजो जोसिलो गीत हो भने साइँलो दाइ गीत अल्छी लाग्दो गीत हो । यिनै कारणले लोकगीतका यी दुई विधा भिन्न विधा बनेर चिनिएका हुन् । जानकारीका निम्ति साइँलो दाइ गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

हे साइँलो दाइ **सेतीलाई बेनी हुलैरो उठ्यो** साइँलो
हे साइँलो दाइ **लौरीले ठेलुँला** साइँलो
हे साइँलो दाइ **येसै रो गरी मयाँलुसँग** साइँलो
हे साइँलो दाइ **कति दिन भेटुँला** साइँलो (न्यौपाने, २०७० : ४९) ।

### २.५.५ सालैजो गीत र असारे गीत

सालैजो गीत र असारे गीत दुवै बत्तीसवटा अक्षरमा संरचित हुने लोकगीति विधा हुन् । दुवै गीत एक्लै वा सामुहिक रूपमा गाउन सकिन्छ । दुवै गीत मनोरञ्जनमूलक गीत हुन् । दुवै गीत विभिन्न जातिका मानिसले गाउँछन् । यिनै कारणले गर्दा यी दुई विधाका बिच नजिकको सम्बन्ध हुन पुगेको हो ।

सालैजो गीत र असारे गीतमा भिन्नताका बुँदा धेरै छन् । सालैजो गीतमा सालैजो थोगोको प्रयोग हुन्छभने असारे गीतमा थेगो प्रयोगको अनिवार्यता छैन । सालैजो गीतमा मादल नामको बाजाको प्रयोग हुन्छ भने असारे गीतमा बाजाको प्रयोग हुँदैन । सालैजो गीतमा नृत्यको प्रयोग हुन्छ भने असारे गीतमा नृत्यको प्रयोग हुँदैन । सालैजो गीत निश्चित ठाउँमा बसेर गाइने बाह्रमासे गीत हो भने असारे गीत हिलाम्मे खेतमा रोपाइ गर्ने बेलामा काम गर्दा गाइने कर्म गीत हो । यिनै कारणले लोकगीतका यी दुई विधा भिन्न विधा बनेर चिनिएका हुन् । जानकारीका निम्ति आलोमालो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

लाएछ असार
**नबाइर बोको नभित्र खोको गुलियो कसार**
गुलियो कसार
**पुरुबै ढोका खोलेर हेर्दा लाएछ असार**
लाएछ असार
पुरुबै ढोका खोलेर हेर्दा लाएछ असार (न्यौपाने, २०७० : ८४) ।

### २.५.६ सालैजो गीत र कठै गीत

सालैजो गीत र कठै गीत दुवै एउटै खालको अक्षरसंरचना भएका गीत हुन् । दुवैको दसौं र बिसौं अक्षरमा विश्राम हुन्छ । दुवै गीत एक्लै वा सामुहिक रूपमा गाउन सकिन्छ । दुवै गीत बाह्र महिना गाइने मनोरञ्जनमूलक गीत हुन् । यिनै कारणले गर्दा यी दुई विधाका बिच नजिकको सम्बन्ध हुन पुगेको हो ।

सालैजो गीत र कठै गीतमा भिन्नताका बुँदा धेरै छन् । सालैजो गीतमा सालैजो थोगोको प्रयोग हुन्छभने कठै गीतमा कठै थेगोको प्रयोग हुन्छ । सालैजो गीतमा मादल नामको बाजा र नृत्यको प्रयोग हुन्छ भने कठै गीतमा बाजा र नृत्यको प्रयोग हुँदैन । सालैजो गीतगायनमा पुरुषको बढी सहभागिता हुन्छभने कठै गीतको गायनमा स्त्रीको सहभागिता बढी हुन्छ । सालैजो जोसिलो गीत हो भने कठै गीत करुणा जगाउने गीत हो । यिनै कारणले लोकगीतका यी दुई विधा भिन्न विधा बनेर चिनिएका हुन् । जानकारीका कठै गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

**यो बटुकीको के हो नि आमा ? रालेको बेसार**
कठै रालेको बेसार
**रुँदै र घर रुँदै र माइत, दिएको के सार ?**
कठै दिएको के सार ? (न्यौपाने, २०७० : ५५) ।

## २.६ निष्कर्ष

सालैजो गीत आफ्नै प्रकारको परिचय भएको गीत हो । यो आफ्नै प्रकारका निश्चित तत्त्वद्वारा निर्मित हुन्छ । यसलाई विभिन्न आधारमा वर्गीकृत हुन्छ । यसका (१) मनोरञ्जनमूलक सन्दर्भ (२) सालैजो थेगोको प्रयोग (३) सामाजिक विषयवस्तु (४) प्रणयभावको प्रधानता (५) जातिगत लोकभाषाको प्रयोग (६) अन्तरा र थेगोको प्रयोग (७) लयगत विविधता (८) वर्णनात्मक तथा आत्मकथात्मक शैली (९) मनोरञ्जन गर्ने उद्‌देश्य (१०) मादल तथा नृत्यको प्रयोग (११) स्वतन्त्र खालको संरचना जस्ता विशेषता छन् । यसको नजिकको सम्बन्ध आलोमालो गीत, सुनिमयाँ गीत, नौतुने भाका, साइँलो दाइ, असारे गीत र कठै गीत जस्ता लोकगीतसित सम्बन्धित छ ।

## तेस्रो अध्याय


# पैयुँखोले सालैजो गीतको वर्गीकरण र परिचय

## ३.१ वर्गीकरणको पृष्ठभूमि

पैयुँखोले सालैजो गीतकाबारेमा अध्ययन गरिएको पहिलो कृति कुसुमाकर न्यौपानेले २०४४मा तयार पारेको **पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** नामको शोधपत्र हो । यस शोधपत्रमा पैयुँखोले सालैजो गीतलाई आठ भागमा वर्गीकरण गरिएको छ । यस्तै वन विज्ञान अध्ययन संस्थान, केन्द्रीय क्यम्पस पोखराबाट प्रकाशित सिर्जना पत्रिकामा पनि कुसुमाकर न्यौपानेको "सालैजो गीतको परिचय र वर्गीकरण" शीर्षकको लेखमा सालैजो गीतलाई आठ भागमा वर्गीकरण चिनाइएको छ । यिनैलाई आधार मानी बुद्धिबहादुर रानाले २०६६ सालमा **पूर्वोत्तर स्याङ्जाली सालैजो गीतको सङ्कलन, अध्ययन र विश्लेषण** शीर्षकको शोधपत्रमा त्यहाँ प्रचलित सालैजो गीतलाई वर्गीकरण गरी चिनाएका छन् ।

## ३.२ सालैजो गीतको वर्गीकरण

सालैजो गीतको वर्गीकरणको पृष्ठभूमि र पैयुँखोले सालैजो गीतलाई सङ्कलन गरेर हेर्दा यहाँ प्रचलित सालैजो गीतलाई आठ भागमा वर्गीकरण गरी चिनाउन सजिलो पर्ने देखिएको छ । त्यसैले यहाँ कुसुमाकर न्यौपानेले उल्लेख गरेका आठवटा प्रकारलाई आधार बनाई पैयुँखोले सालैजो गीतलाई आठ भागमा वर्गीकरण गरिएको छ । सजिलै बुझ्नका निम्ति यहाँ यस प्रकारको तालिका प्रस्तुत गरिएको छ :



### ३.२.१ टुक्कायुक्त एकोहोरी लामो सालैजो गीत

एउटा गीतका अन्त्यमा एउटा टुक्का जोडेर लामो लय हाली एकोहोरी किसिमले गाइने सालैजो गीतलाई टुक्कायुक्त एकोहोरी लामो सालैजो गीत भनिन्छ; जस्तै-

देवीथान त्यो देउरालीमा सालैजो
रुखिमाथि रुखै छ ।
यो दुःखी संसारमा जतातिर गयो सालैजो
दुःखमाथि दुःखै छ ।
टुक्का : छैनकेरे वनमा
न्याउली कराउँदैन मायाँले ।

यस्ता खालका गीत गाउन समय अवसर र स्थान निर्धारण गरिएको हुँदैन । घाँस काट्दा, गाईबाखा चराउँदा, धान कोदो गोड्दा र बसेको बेलामा त्यसै विरह लाग्दा लोकगायकले यो गीत गुन्गुनाइहाल्छ । एउटा गायकले आफ्ना भावना यस गीतमा बाँधी पोखेका बेलामा अर्को लोकगायकले पनि यो गीत छोप्न सक्छ । पुरुष र स्त्री भएर मादलका तालमा आफ्ना मानसिक व्यथा यस गीतका माध्यमबाट पोख्दछन् । आजभोलि त यो गीत रसिक बूढाबूढीहरूका मुखबाट मात्रै सुन्न पाइन्छ । यसले स्वर र भावका माध्यमबाट वातावरणलाई रोमाञ्चपूर्ण बनाउँछ । यो गाउनको खास उद्देश्य मनोरञ्जन गर्नुभन्दा विरह वा वियोगलाई गीतका सूत्रमा बुनेर एकछिन बिर्सनुहो । त्यसैले यस गीतमा विशेष गरी करुण भाव परिपाक भएर आएको हुन्छ ।

### ३.२.२ टुक्कायुक्त दोहोरी लामो सालैजो गीत

गीतका अन्त्यमा एउटा टुक्का जोडेर लामो लय हाली पुरुष र स्त्रीले प्रश्नोत्तरका रूपमा गाउने सालैजो गीत टुक्कायुक्त दोहोरी लामो सालैजो गीत हो; जस्तै-

ठिटो : झम र झम बरिखै भयो सालैजो घाम कहिल्यै लाउँदैन
हितैको माया बिछुटै भए सालैजो रमाइलो लाउँदैन ।
टुक्का : किनहोला बनचरी
धुरुधुरु वनमा राएको
ठिटी : उकाली पाखा वाको पानी सालैजो सँगसँगै भरम्ला
एउटै कुरा लेखिदेऊ भावी सालैजो सँगै नै मरम्ला ।

टुक्का : मनको व्यथा बढेर

वनको चरी रोयो मयाले ।

यस्तो खालको सालैजो गीत बूढाबूढीहरू पनि ठिटाठिटीका भूमिकामा कुनै निश्चित ठाउँमा बसेर गाएका हुन्छन् । यसको टुक्का द्रुत लयमा अलाप्छन् भने यो गीत बिलम्बित लयमा गाउँछन् । गायकलाई इच्छा जाग्यो भने घर गोठमा वा यस्तै अन्य कुनै ठाउँलाई गायनस्थलका रूपमा गायकले चुन्छन् । कुनै पर्व वा अवसर विशेषमा यो गीत बूढा तरुना तरुनीले गाएर वातावरणलाई निकै रमणीय बनाइदिन्छन् । वातावरण रमाइलो भए पनि ढिलोभन्दा ढिलो एकएक अक्षर गनेर गाइने भएकाले आजभोलिका ठिटाठिटीले यो गीत गाउन, सुन्न र बुझ्न त्यति मन पराउँदैनन् । भावपूर्ण हुने भएकाले गाउँका पाकापुरानाहरूले भने निकै ध्यान दिएर सुन्छन् । त्यसैले कसैकसैले त यस गीतलाई निर्गुणको उपमा दिन्छन् । समाजका विविध पक्षमाथि प्रकाश पार्दै जीवनका सुख, दुःख, हर्ष, आँसु, बह-विलौना, हाँसो-रोदन यस गीतका माध्यमबाट प्रस्तुत गर्ने लोकगायकहरू यो गीत गाउन बसेपछि प्रायः हारजित भएपछि मात्र बिदाबादी हुन्छन् । प्रतिस्पर्धात्मक प्रश्नोत्तर हुँदाहुँदै लोकगायकले सम्पूर्ण कुरा बिर्सेर यही गीत गाउन रौसिएका हुन्छन् । कतिपय ठाउँमा त छसात दिन दोहोरी सालैजो लगातार गाएर हारजित नभएको पाइएको छ । कतै विजय प्राप्त गर्नेले पराजितलाई नोकर बनाउन पाउने भन्ने महान् बाजी थापेर यो गीत गाई लोकगायिकाले आफूलाई पराजित गर्ने लोकगायककी पत्नीका रूपमा समर्पण गरेका घटनाहरू लोकगायकहरूले नै सुनाउँछन् । यस्तो विशेषता भएको यस दोहोरी सालैजो गीतमा विविध रस परिपाक भए पनि करुणका अतिरिक्त श्रृङ्गारपूर्ण अभिव्यक्ति यसको अर्को महत्वपूर्ण पक्ष हो । यो गीत गाउँदा बाजाका रूपमा मादल बजाइन्छ । यसमा नृत्य हुँदैन ।

### **३.२.३ टुक्काविहीन एकोहोरी लामो सालैजो गीत**

गीतका अन्त्यमा टुक्का प्रयोग नगरी बिलम्बित लयमा एकोहोरी पाराले गाइने सालैजो गीतलाई टुक्काविहीन एकोहोरी लामो सालैजो गीत भनिन्छ; जस्तै-

छरमा छर रगतै आयो सालैजो

हात काट्यो चोयाले

न मरी जानु न साथ लानु सालैजो

के गऱ्यो मयाँले ?

यो गीत र टुक्कायुक्त एकोहोरी लामो सालैजो गीतमा अरू सबै समानता छ । फरक के छ भने यस गीतमा गायकले टुक्काको प्रयोग गर्दैन । टुक्काविहीन र टुक्कायुक्त एकोहोरी सालैजो गीत टुक्काका आधारमा छुट्याइएको हुन्छ । टुक्काको प्रयोग नगरिने भएकाले यस गीतलाई एकोहोरी भएर पनि टुक्कायुक्त एकोहोरी सालैजो गीतसँग टुट्याइएको हो । अरू सबै विशेषता टुक्कायुक्त एकोहोरी लामो सालैजो गीतकै हुन् । त्यसैले यहाँ टुक्काविहीन एकोहोरी यो लामो सालैजो गीतको विस्तृत चर्चा गरिएन ।

### ३.२.४ टुक्काविहीन दोहोरी लामो सालैजो गीत

गीतको अन्त्यमा टुक्काको प्रयोग नगरी प्रश्नोत्तरका रूपमा लामो लय हाली गाइने सालैजो गीतलाई टुक्काविहीन दोहोरी लामो सालैजो गीत भनिन्छ; जस्तै-

ठिटो : फेरी है लाम्ला त्यै बँदियाको सालैजो
धुरी लाम्ला नयाँ खर ।
उडन्ता चरी फिरन्ता जोगी सालैजो
केलाई चाहियो मलाई घर ।

ठिटी : धोबीमा धारा यै पँधेरीमा सालैजो
धोवी लुगा धुँदै छ ।
के भन्थ्यौ तिम्ले के भन्थेँ मैले सालैजो
यै त मन रुँदै छ ।

यो गीत र टुक्कायुक्त दोहोरी लामो सालैजो गीत टुक्काका आधारमा भिन्न भएका हुन् । टुक्काको प्रयोग नहुने भएकाले यस गीतलाई टुक्कायुक्त दोहोरी लामो सालैजो गीतसँग अलग्याइएको हो । अन्य सम्पूर्ण कुरा टुक्कायुक्त दोहोरी लामो सालैजो गीतसँग मेल खाने भएकाले यहाँ यस गीतलाई लम्बिएर चिनाउने प्रयास नगरिएको हो ।

### ३.२.५ टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीत

एउटा गीतका अन्त्यमा एउटा टुक्काको प्रयोग गरी द्रुत लयमा एकोहोरी पाराले गाइने सालैजो गीतको एउटा भेदलाई टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीत भनिन्छ; जस्तै-

सानो मादलु मेरो सालैजो

खरी त झर्दैन ।

मरेर जान्छ जोवान हाम्रो सालैजो

डर मान्नु पर्दैन ।

टुक्का : आमा रुँदै वनमा

छोरो जुवाडे छ मयाले ।

यस्तो गीत युवायुवतीहरूले इच्छा लागेका बेलामा गाउँदछन् । यसको निम्ति गाउने समय, अवसर र स्थान किटान गरिएको हुँदैन । मेला जात्रा पर्व आदिमा युवायुवतीहरूले मनोरञ्जन गर्ने उद्देश्य राखेर मादल बजाउँदै यो गीत गाएका हुन्छन् । घाँस, दाउरा, मेलापाता आदि कार्यमा पनि लोकगायकहरूले आफ्ना भावना यसै गीतका माध्यमबाट प्रस्तुत गर्दछन् । कुनै स्थान विशेषमा बसी यो गीत गाउँदा एकोहोरी अभिव्यक्ति भए पनि ठिटाहरूको चर्को स्वर अनि सुसेली, ताली र नृत्यका साथमा ठिटीको अकासे (तिखो स्वर र घिन्ताङ्ग मादलको तालले श्रोताहरू रोमाञ्चित भएर आफूलाई स्वर्गको गन्धर्व रङ्गशालाको मञ्चमा विराजमान भएको अनुभव गर्दछन् । भोटो, कछाड, पटुका र छड्के टोपी लगाएर कम्मरमा बाँधेको मादल बजाउँदै उठबस गरी नाच्ने पुरानो पाराको ठिटो यस गीतको निम्ति उपयुक्त नर्तक हो । आज यस्तो नर्तकको अभाव छ तापनि यो गीत गाउन छाडिएको भने छैन । अझै पनि पहिलेको जस्तो प्रेमपरक भाव यस गीतले प्रस्तुत गरिनै रहेको छ ।

### ३.२.६ टुक्कायुक्त दोहोरी छोटो सालैजो गीत

एउटा गीतका अन्त्यमा एउटा टुक्काको प्रयोग गरी द्रुत लयमा प्रश्नोत्तर गर्दै दोहोरो पाराले गाइने सालैजो गीतलाई टुक्कायुक्त दोहोरी छोटो सालैजो गीत भनिन्छ । जस्तै :-

ठिटो : देवीथान त्यो देउरालीमा सालैजो

यो दुःखी संसारमा जतातिर गयो सालैजो

दुःख माथि दुःखै छ ।

टुक्का : घरी काँ हो ? मयाँलो

तै तल पानीमाथि ।

ठिटी : हिले है गाउँमा असिना पानी सालैलो

सितलेमा घाम छायाँ

यो जिन्दगानी के भन्नु छ र सालैजो

दुई दिनको रामचायाँ

टुक्का : माया मेरो अकासुमा

छायाँ पातालैमा मयाँले ।

नेपालको गण्डकी, लुम्बिनी र धवलागिरि अञ्चलमा सालैजो गीतको यो भेद निकै प्रचलित छ । सालैजो गीतका आजभोलिका लोकगायकले यही भेदलाई अधिक मन पराउँछन् । गीत दोहोरो रूपमा प्रस्तुत गरिने हुँदा कुनै एउटा निश्चित ठाउँमा बैँसालु ठिटाटिठी बसेर गाउँदछन् । अनुकूल परेका बेला कम्मरमा मादल भिरेर ठिटो यस गीतको तालमा नाच्दछ । यो गीत गाउँदा ठिटाको उच्च स्वर, सुसेली ताली र नृत्यलाई ठिटीका तिखा स्वरले प्राण भरिदिएको हुन्छ । गायनमा जब प्रश्नोत्तर हुन थाल्छ तब श्रोताको भिड बढ्दै जान्छ । सुन्नेहरू ताली बजाउँदै बस्छन् । प्रश्नोत्तरका क्रममा गायकगायिकाले ठूलाठूला बाजी राख्दछन् । विजय र पराजयको प्रतिस्पर्धामा यो गीत रातदिन निरन्तर रूपमा पनि गाउँदछन् । मनोरञ्जनको उद्देश्य राखेर गाइए पनि लोकगायकहरू आजभोलि यस गीतलाई प्रतिस्पर्धात्मक लोकगीतको रूपमा उभ्याएका छन् । प्रतिस्पर्धाको क्रममा लोकगायकहरूले विभिन्न कोणबाट आफ्ना भावनालाई मायाजालका रूपमा प्रस्तुत गर्दछन् । त्यसैले काव्यशास्त्रीय दृष्टि दिँदा यस गीतमा श्रृङ्गार भाव नै प्रमुख बनेर आएको पाइन्छ ।

### ३.२.७ टुक्काविहीन एकोहोरी छोटो सालैजो गीत

गीतको अन्त्यमा टुक्काको प्रयोग नगरी द्रुत लयमा एकोहोरो पाराले गाइने सालैजो गीतको एउटा भेदलाई टुक्का विहीन एकोहोरी छोटो सालैजो गीत भनिन्छ; । जस्तै :-

बाबालाई ज्यूको त्यो दैलामुनि सालैजो

फूल फुल्यो अमिलो ।

नधुँदा जान्छ न घस्दा जान्छ सालैजो

यो मनको धमिलो ।

टुक्काविहीन एकोहोरी छोटो सालैजो गीत र टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीतलाई टुक्काको प्रयोगका आधारमा छुट्ट्याइएको हो । अरू कुरामा टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीतसित सालैजो गीतका यस भेदले मेल खाने हुँदा यहाँ यसको धेरै चर्चा गर्न आवश्यक नपर्ला ।

### ३.२.८ टुक्काविहीन दोहोरी छोटो सालैजो गीत

गीतको अन्त्यमा टुक्काको प्रयोग नगरी द्रुत लयमा प्रश्नोत्तर गरिने दोहोरी खेलिने सालैजो गीतलाई टुक्काविहीन दोहोरी छोटो सालैजो गीत भनिन्छ; । जस्तै :-

ठिटो : कौसीमा बसी ए सानु मयाँ सलैजो
सुथरीले तान न ।
मामुली धुलो काम लाग्छ ठूलो सालैजो
लौ के हो ? जान न ।

ठिटी : दमाइँ दाइको यो धौले घर सालैजो
बजायो ढोलकी ।
मामुली धुलो काम लाग्छ ठूलो सालैजो
सिंदूर होला कि !

केवल टुक्काको प्रयोग नगरीकन गाइने भएकाले टुक्कायुक्त दोहोरी छोटो सालैजो गीतसित सालैजो गीतको प्रस्तुत भेद भिन्न भएको हो । अन्य सम्पूर्ण कुरा टुक्कायुक्त दोहोरी छोटो सालैजो गीतको परिचय दिँदा उल्लेख गरिएकाले यहाँ यस भेदको चर्चा नगरिएको हो ।

## ३. ३ निष्कर्ष

निष्कर्षमा भन्नु पर्दा नेपाली लोकगीतका क्षेत्रमा प्रचलित प्रमुख लोकगीतहरूमध्येको एउटा गीत सालैजो हो । यसको व्युत्पत्ति साली +ज्यू हो । त्यसैले यस गीतलाई सालैजो भन्नु पर्दछ । मगर र गुरुङ जातिमा प्रचलित भए पनि यो गीत अरू जातिले पनि उत्तिकै रुचि लिएर गाउँदछन् । यसमा लयगत विविधता र मनोरञ्जनको प्रधानता भेटिन्छ । यस्तै यस गीतका माध्यमबाट रागात्मक अभिव्यक्ति व्यक्त हुने हुँदा यसमा श्रृङ्गार भाव परिपाक भएको पाइन्छ । बाह्रै महिना कुनै पनि समयमा गाउन सकिनु यस गीतको अर्को विशेषता हो । यिनै विशेषताले गर्दा यो सालैजो गीत नेपाली लोकगीतका क्षेत्रमा विशिष्ट खालको लोकगीतका रूपमा चिनिएको छ ।

# चौथो अध्याय

# पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तु र अलङ्कार

## ४.१ पैयुँखोले सालैजो गीतको विश्लेषण

नेपालको पर्वत जिल्लाको दक्षिणी भेकमा स्थित पैयुँखोला क्षेत्रमा प्रचलित सालैजो गीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । यहाँ प्रचलित सालैजो गीतमा जीवनजगतका विविध पक्ष आएका छन् । ती पक्षमध्येका केही उल्लेखनीय पक्ष यस प्रकारका देखिएका छन् : - (१) लय (२) विषयवस्तु (३) काव्यात्मक पक्ष । यी सबै पक्षलाई आधार बनाएर अध्ययन गरी निष्कर्ष निकाल्न असुविधा हुने भएकाले दुईवटा बुँदा अगाडि राखेर पैयुँखोले सालैजो गीतलाई विश्लेषण गर्ने काम गरिंदै छ । ती मुख्य बुँदा यस प्रकारका छन् : (१) पैयुँखोले सालैजो गीतमा विषयविधान (२) पैयुँखोले सालैजो गीतमा अलङ्कारविधान ।

### ४.१.१ पैयुँखोले सालैजो गीतमा विषयविधान

पैयुँखोले सालैजो गीतमा जीवनजगतका विभिन्न पक्ष विषयवस्तु बनेर आएका छन् । यहाँ प्रचलित सालैजो गीतमा समाज, अर्थ, धर्म तथा संस्कृति, प्रकृति, कृषि, नीतिउपदेश जस्ता पक्ष विषय बनेर आएका छन् । ती विषयलाई आधार बनाएर विश्लेषण गर्नका निम्ति पैयुँखोले सालैजो गीतमा बढी मात्रामा देखिएका उक्त पक्षलाई छुट्टा छुट्टै बुँदा बनाइएको छ । ती बुँदाहरू यस प्रकारका छन् : सामाजिक विषय, आर्थिक विषयवस्तु, धार्मिक तथा सांस्कृतिक विषय, प्राकृतिक विषय, कृषिसम्बन्धी विषय, नीतिउपदेशसम्बन्धी विषय । यिनै बुँदामा केन्द्रित भई पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयविधानलाई यहाँ विश्लेषण गरिंदै छ ।

#### ४.१.१.१ सामाजिक विषय

व्यक्ति व्यक्ति मिलेर समाज बन्दछ । समाज भनेको व्यक्ति व्यक्तिको समुह हो । समाजमा व्यक्तिका जन्मदेखि मृत्युसम्मका कुरा पनि आउँछन् । व्यक्तिका आचरण, पेसा, गतिविधि र व्यवहार पनि आउँछन् । यस्ता पक्षलाई नै सामाजिक विषय भनिन्छ । पैयुँखोले सालैजो गीतले पैयुँखोला क्षेत्रमा बसोवास गरेका समाजका व्यक्ति, तिनका पेसा, गतिविधि

र व्यवहारलाई झल्काएका छन् । जानकारीका निम्ति पैयुँखाले समाजका बाहुन, गुरुङ, मगर, जोगी, माझी,

पैयुँखोले समाजमा बसोवास गरेको एउटा जाति माझी पनि हो । यो जाति विशेष गरी पैयुँखोला क्षेत्रमा काली गङ्गाको किनारमा पाइन्छ । अझ विशेष गरी सोतीबिनी भन्ने ठाउँमा बसोवास गरेको भेटिन्छ । त्यहाँका माझीलाई बोटे पनि भनिन्छ । यस जातिले पहिल्यै पहिल्यै डुँगा चलाउने, माछा मार्ने काम गर्थ्यो । त्यस कुराको झल्को दिने पैयुँखोले सालैजो गीत यस प्रकारको छ :

माझीमा दाइले छड्के बल्छी हान्यो सालैजो
त्यै आँधीखोलैमा
चैत रो जाँदा बैसाख लाग्दो सालैजो
चढौली डोलीमा

पैयुँखोले समाजमा विभिन्न जातिको बसोवास छ । ती जातिका जातिगत पेसा अझै पनि जीवित छन् । त्यहाँको समाजमा बसोवास गर्ने विभिन्न जातिमध्ये दमाईं पनि एउटा जाति हो । त्यस जातिको पेसा वस्त्र सिउने अनि निश्चित अवसरमा नौमती बाजा बजाउने काम हो । त्यस जातिले बजाउने नौमती बाजामध्येको एउटा बाजा कर्नाल हो । त्यस बाजालाई भङ्कुरी पनि भन्दछन् । लोकगीतमा भाका मिलाउन थङ्कुरी, थम्कुरी, थम्केरे पनि भन्दछन् । दमाईं जातिले बजाउने नौमती बाजामध्येको कर्नाल (थम्कुरी) बाजा र यस जातिको वाद्यवादन पेसालाई पैयुँखोले सालैजो गीतले यसरी झल्काएको छ :

बाटै र मुनि दमै दाइको घर सालैजो
बजायो थम्केरे
रातैभोरि सँगैर बस्यो सालैजो
अबत जाम केरे

पैयुँखाले समाजमा भेटिने एउटा जाति जोगी हो । जोगीको घरबार हुँदैन । भगवान्को नाममा आफूलाई अर्पण गर्ने अनि घर घरमा मागेर जीवन धान्ने जाति जोगी हो । पैयुँखोले समाजमा पहिल्यै पहिल्यै जोगीहरू एकतारे नामको बाजा बजाउँदै घरघरमा पुग्थे । राति भएपछि मन्दिर, पाटी, पौवा अथवा गृहस्थीको घरमा बस्थे । भगवानको प्रार्थनामा आफ्नो जीवन अर्पित गर्थे । उडेको चरो कहाँ जान्छ ? के खान्छ, ? कहाँ बस्छ ? थाहा हुँदैन । त्यस्तै गाउँवस्तीमा काँधमा त्रिशुल एउटा हातमा एकतारे बाजा लिएर घुम्ने

जोगी पनि कहाँ जान्छ ? के खान्छ ? कहाँ बस्छ ? थाहा हुँदैन । पैयुँखोले सालैजो गीतले त्यहाँको समाजमा घुमफिर गर्ने जोगीलाई यसरी चिनाएको छ :

पालीमा बाँध्ने बँधिया त सालैजो
धुरी लाम्ला नयाँ खर
उडन्त चरी फिरन्त जोगी सालैजो
के चाइयो मलाई घर ?

माथिबाट जोगीमा आयो सालैजो
काँधैमा त्रिशुल
चेली र माइती भेटै रो भयो सालैजो
काँ गई बिर्सुला

पैयुँखोले समाजमा बसोवास गर्ने एउटा जाति सार्की हो । पहिल्यै पहिल्यै यस जातिको मुख्य पेसा जुत्ता सिउने थियो । यस जातिले बनाएका जुत्ता निकै राम्रा र बलिया हुन्छन् भनेर व्यक्तिले खरिद गरी प्रयोग गर्दथे । अहिले त्यस्तो परम्परा पयुँखोले समाजमा भेटिन छाडेको छ । त्यो पुरानो समाजमा बसोवास गर्ने सार्की जातिको पेसालाई पैयुँखोले सालैजो गीतले यसरी झल्काएको छ :

जुतिया सिउने सारकी दाजु सालैजो
फूल भर्ने सर्किनी
डाँडा र काटी गएको मयाँ सालैजो
कहिले होला फर्किनी ?

पैयुँखोले भूभागमा लेक र फाँटले बनेको छ । लेकमा कोदो, मकै जस्ता पाखे अन्न उत्पादन हुन्छ । फाँटमा धान, गहुँ जस्ता अन्न उब्जाउ हुन्छन् । लेकाली समाजलाई फँटाली समाजले केही तल पारेर हेर्दछ । प्रेमी प्रेमिकाका बिचमा भने त्यस्तो विभेद हुँदैन । फँटाली युवतीले लेकाली युवकलाई राम्रो देखेर व्यक्त गरेको पैयुँखोले सालैजो गीतले यिनै कुरालाई प्रकारान्तरले झल्काएको छ । जस्तै :

लेकाली दाइको पैरनै राम्रो सालैजो
शिरमा टोपी ढल्काउनी
न जोवन लिन्छ, न घरबार हुन्छ सालैजो
मन मात्रै पल्काउनी

पैयुँखोले समाजमा लैङ्गिक विभेद पहिल्यै पहिल्यै प्रसस्त थियो । छोरोलाई इहलोक र परलोक दुबै पार लगाउने भनेर बाबुआमाले माया गर्दछन्, सम्पत्ती दिन्छन् । छोरीलाई भने जन्मैदेखि अपहेलनाको दृष्टिले हेर्दछन् । युगले काँचुली फेर्दै आएको र देशको राजनीतिले पनि कोल्टो फेरेको परिस्थितिमा छोरा र छोरी प्रति समान दृष्टि लगाउने सोच केही बढेको देखिएको छ तर पूर्ण रुपमा त्यो विभेद हट्न अझै समय लाग्छ । यस्तो सामाजिक परिस्थिति पैयुँखोले समाजमा अहिले पनि विद्यमान छ । छोरालाई माया मात्र होइन सम्पूर्ण सम्पत्ती दिने चलन छ । छोरीलाई विवाह गरिदिएर अर्काको घरमा पठाउने, दासीको जस्तो जीवन बाँच्न वाध्य पनि स्थिति छ । यही विभेदलाई त्यहाँ प्रचलित सालैजो गीतले यसरी प्रष्ट पारेका छन् :

घुमीमा घुमी स्याखु मैले बुन्यो सालैजो
छ मैना वरिखैलाई
छोरामा पाए औंसैको धनी सालैजो
छोरी त अरिकैलाई

पोखरैको यो सिरानैमा सालैजो
विन्दुरै बासिनी
छोरीको करिम हारेको रैछ सालैजो
अरिकैको दासिनी

समाजमा एक्लै बाँच्न गाह्रो हुन्छ । एक्लो भएर बस्दा मान्छे रोगी पनि हुन्छ । एक्लो मान्छेले गर्न सक्ने काम पनि गर्न सक्दैन । एक्लो भएकोमा उसले पीडा बोध गर्दछ । कि छटपटाउँछ, कि टोलाउँछ । यस्तो परिस्थितिबाट मुक्त हुन मान्छे समाजमा मिलेर बस्छ । समाजमा एक्लो हुँदाको पीडा पैयुँखोले सालैजो गीतले यसरी औंल्याएको छ :

धाराको पानी यो लरबरी सालैजो
मूल पानी छिरुवा
नमेरो दाजु नमेरो भाइ सालैजो
एकलो बिरुवा

यसरी हेर्दै जाँदा पैयुँखोले सालैजो गीतमा त्यहाँको समाजका विभिन्न जातिको चित्रण भेटिन्छ । त्यहाँ बसोवास गर्ने जातिका पेसा, धर्म, व्यवसायलाई चिनिन्छ । विभिन्न ठाउँका मानिसलाई स्पष्ट रूपमा देखिन्छ । तिनका बिचको विभेदलाई पनि अनुभव गर्न पाइन्छ । जातिगत, लिङ्गगत, स्थानगत विभेदलाई पनि बुझ्न पाइन्छ । त्यसैले पैयुँखोले सालैजो गीतलाई सामाजिक विषय अध्ययनका निम्ति निकै उपयोगी लोकसाहित्यिक विधा भनेर अध्ययन गर्न सकिन्छ ।

### ४.१.१.२ आर्थिक विषय

पैयुँखोले समाजको अर्थतन्त्र कृषिमा आधारित छ । यो भन्दा बाहेक यहाँका कतिपय मानिसहरू नोकरी, वैदेशिक रोजगार, व्यापार, ज्याला, मजदुरीका माध्यमबाट आफ्नो आर्थिक पक्षलाई उचालेका छन् । जागिरका निम्ति कतिपय मानिस नेपालमा जागिरे काम गरेर अर्थोपार्जन गरेका छन् भने कतिपयले भारत, खाडी मुलुक लगायत अन्य मुलुकमा गएर अर्थोपार्जन गरेका छन् । यहाँका कतिपय व्यक्ति धनी साहुका घरमा हलो जोत्ने, भारी बोक्ने, कुटो कोदालो र ज्याला मजदुरी गर्ने गरेका छन् । कसैले खेतीपाती गरेर जीवन धानेका छन् । कसैले व्यापार गरेका छन् । कुनै व्यक्ति पुर्ख्यौली सम्पत्तीका भरमा आफ्नो अर्थतन्त्रलाई सञ्चालन गरेका छन् । समग्रमा भन्नुपर्दा यस क्षेत्रका मानिसले आफ्नो आर्थिक उन्नतिका निम्ति विभिन्न क्षेत्रमा काम गरेका छन् । यति गर्दा पनि यहाँ कुनै उच्च आर्थिक स्थिति भएका व्यक्ति छन्, कुनै मध्यम खालको आर्थिक स्थिति भएका व्यक्ति छन् अनि कुनै निम्न आर्थिक स्रोत भएका व्यक्तिहरू छन् । पैयुँखोले समाजको यस्तो आर्थिक स्थितिलाई यहाँका सालैजो गीतले उजागर गरेको भेटिन्छ ।

पैयुँखोले समाजमा आर्थिक स्थिति अत्यन्तै न्युन भएका परिवार पनि छन् । आर्थिक अभावकै कारण त्यस्ता व्यक्तिले आफ्नो घर सुरक्षित खालको बनाउन सकेका छैनन् । घामपानी छेक्ने घरको छानो पनि गतिलो हुँदैन । जति मिहिनेत गरे पनि न्युन आर्थिक स्थिति भएका त्यस्ता परिवारलाई दोषी कर्म अर्थात् भाग्य नभएकाले सफलता नमिलेको हो भनेर दोष दिने गरिन्छ । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा चरन र टुक्का यहाँ प्रस्तुत गरिएको छ :

दुखीको घर चुहुने भयो सालैजो  
पातीले बारेर

नधोई जान्छ नरोई हुन्छ सालैजो
कर्मले पारेर
घर त मेरा पातीले बारेको
रुन मलाई कर्मले पारेको

पैयुँखोले समाजमा पहिल्यै पहिल्यै पैयुँकोटे राजाले राज्य गर्दथे । त्यहाँ पैसाको व्यवस्था कस्तो थियो त्यो कुरा नआए पनि कतिपय लोकप्रतिभाले बेनीबाग्लुङको राज्यमा त्यती बेला पैसा काट्ने चलन भएको कुरा सालैजो गीतका माध्यमबाट व्यक्त गरेका छन् । त्यती बेलाको पैसा काट्ने गरेको झलक पैयुँखोले सालैजो गीतले सङ्केत गरेको पाइन्छ । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा चरन यहाँ प्रस्तुत गरिएको छ :

विनीमा बाग्लुङ यो टक्सारैमा सालैजो
पैसा काटी छापै लाग्यो
नबोलम् भने यो बोली बैंस सालैजो
बोलेको पापै लाग्यो

यसरी पैयुँखोले सालैजो गीतले त्यहाँको आर्थिक विषयलाई उजार गरेका छन् । त्यहाँका धनी तथा गरीबको आर्थिक स्थितिलाई देखाएका छन् । नोकरी, बन्द, व्यापार तथा व्यवसायलाई झल्काएका छन् । यसरी पैयुँखोले सालैजो गीतलाई हेर्दै जाने होभने यहाँका सालैजो गीतमा यहाँको समाजको आर्थिक पक्षको पूर्ण झल्को देखिन्छ ।

### ४.१.१.३ धार्मिक तथा सांस्कृति विषय

पैयुँखोला समाजमा धर्म प्रति आस्था भएका मानिसहरू धेरै छन् । यहाँ मगर, गुरूङ, बाहुन, क्षेत्री, ठकुरी आदिको बसोबास रहेको छ । यस समाजमा धर्म मान्नेहरूको सङ्ख्या प्रशस्त छ । यहाँ धेरै मठ, मन्दिर र कलासंस्कृतिहरू पनि छन् । आफ्नो इच्छा पूरा गर्न देवीदेवताको भाकल गर्ने, बली चढाउने परम्परा पनि यहाँ जीवित छ । यस्तै प्रकारले हेराउने चराउने पुरानो परम्परा पनि यस ठाउँका मानिसले पालना गरेका छन् । पैयुँकोट, धुवाँकोट, सेतीवेणी, हिले कालिका आदि यहाँका धार्मिक तथा सांस्कृतिक स्थल हुन् । यसरी यहाँका समाजमा धार्मिक तथा सांस्कृतिक गतिविधि भएको प्रशस्त देख्न पाइन्छ ।

पैयुँखोले समाजमा दसैंमा देवीका मन्दिरमा राँगा, पाठा, कुखुरा लगेर भोग दिने सांस्कृतिक प्रचलन छ । नवदुर्गाको अष्टमीका दिन त देवीका मन्दिरमा पशुपन्छीको बली

दिएर मन्दिरको परिशर रगताम्मे हुन्छ । यस कुराको विम्बमय प्रस्तुती पैयुँखोले सालैजो गीतले प्रस्तुत गरेको छ । जस्तै :

दशैंको रागो चटक्कै छिन्यो सालैजो
भलै बग्यो रगत
राखुलाई फेरो कोही छैन मेरो सालैजो
एकलो फगत

सोह्र दिने सराद् नौ दिने दुर्गा सालैजो
राखौंला जमरा
मायालु हौली कमलको फूल सालैजो
मैहुँला भमरा

आफ्ना इच्छा पुरा गराउनका निम्ति पैयुँखोले धार्मिक समाजका व्यक्तिले देवीदेवताको भाकल गर्ने गर्दछन् । मनोकाङ्क्षा पुरा गराइदिएमा यस्तो गरौंला पनि भन्छन् । मनले इच्छ्याएको कुरा पुराइदिएमा कालो पाठो भोग दिम्ला भन्ने प्रचलनलाई तलको सालैजो गीतले राम्ररी चित्रण गरेको छ :

भैरवकाली फूलको थाली सालैजो
कालो पाठो भाकल
लगन जुराई मिनचिन्ते पुराई सालैजो
देऊ मलाई अक्कल

यसरी पैयुँखोला क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिका मानिसले आफ्ना धर्म र जातिगत संस्कारलाई जिउँदो बनाइराखेका छन् । हिन्दु धर्मालम्बीहरूको वाहुल्य भएको यस ठाउँमा त्यही धर्मअनुसारका धार्मिक गतिविधि र संस्कार गरेको भेटिन्छ । ती कुरालाई यस क्षेत्रमा प्रचलित सालैजो गीतले कुनै न कुनै रुपमा उजागर गरेको भेटिन्छ ।

### ४.१.१.४ प्राकृतिक विषय

यस सृष्टिलाई बाचाइराख्न प्रकृतिको महत्त्वपूर्ण भूमिका हुन्छ । अन्यत्र जस्तै पैयुँखोला क्षत्र पनि विभिन्न प्रकारका प्रकृतिले सिँगारिएको छ । यहाँका वन, भिर, पाखो, पत्यान, डाँडा, खेत, बारी, खोला, खोल्सा, उकालो, ओरालो, भन्ज्याङ, चौतारी आदि भूभाग

निकै मनमोहक छन् । यस क्षेत्रका यस्ता प्रकृतिक सौन्दर्यबाट मोहित भएर लोकगायक तथा लोकगायिकाले आफूले लोकगीत गाउँदा प्रकृतिका विभिन्न पक्षलाई भित्र्याउँछन् ।

पैयुँखोला क्षेत्रमा रहेको एउटा अग्लो डाँडा पैयुँकोटको डाँडो हो । त्यसको पूर्वी भागमा रहेको अर्को अग्लो डाँडो दफर्कु हो । यी दुबै डाँडा दुई विपरीत ध्रुवमा छन् । दुबै सुन्दर छन् । यिनको सौन्दर्यबाट आकर्षित भएर पैयुँखोले लोकप्रतिभाले यिनलाई विषय बनाएर गाएको सालैजो गीतलाई यहाँ प्रस्तुत गरिएको छ :

पैयुँकोटै डाँडा दफर्कु  डाँडा सालैजो
जुधाउँदा जुध्दैन,
यही मन रून्छ, यही मन हाँस्छ सालैजो
बुझाउँदा बुझ्दैन ।

पैयुँखोला क्षेत्रमा प्रसिद्ध एउटा वनको नाम रानी वन हो । त्यो रानी वन पैयुँखोला क्षेत्रको भोर्ले गा.वि.स.मा पर्दछ । त्यस रानीवनलाई वनपालो पनि भन्दछन् । त्यो वन निकै राम्रो  छ । त्यहाँ आसपासका मानिसहरू घाँस, दाउरा काट्न, वस्तुभाउ चराउन जान्छन् । त्यहाँका प्रकृतिमा लोकगायक तथा लोकगायिकाले लोकगीत गाएर त्यस प्राकृतिक वातावरणलाई रोचक बनाउँछन् । त्यहाँको प्रकृतिलाई तलको सालैजो गीतले मिठो ढङ्गले चित्रण गरेको छ :

घाँसैर काट्यो यो रानी वनमा सालैजो
दाउरा त ठेटन
स्याङ्जाली नानी लुकेर बस सालैजो
आउनेछु भेटन ।

पैयुँखोले समाजले प्रकृतिमा देवतामा देख्छ । यहाँका ढुङ्गामा देवताले वास गरेको अनुभव गर्दछ । खोलामा जलदेवता हाँसेको अनुभव गर्दछ । आकाशमा तेत्तीसकोटी देवता ओहोरदोहोर गरेको अनुभव गर्दछ । पैयुँखोला क्षेत्रको एउटा खोलाको नाम भोर्ले खोलो हो । त्यो खोलो भोर्ले गा.वि.स.मा पर्दछ । त्यस खोलामा अडिएको चेप्टो ढुङ्गोलाई त्यहाँको समाजले देवता भनी पूजा गर्दछ । जानकारीका निम्ति त्यहाँ प्रचलित एउटा सालैजो गीतलाई यहाँ प्रस्तुत गरिएको छ :

भोर्ले खोलाको चापुटे ढुङ्गा सालैजो
भगुमानै जस्तो छ ।
मुखले भने ललिते पार्छौ सालैजो
हृदय कस्तो छ ।

यसरी पैयुँखोले सालैजो गीतले पैयुँखोला क्षेत्रको प्रकृतिको चित्रण गरेका छन् । यहाँका उकाली, ओराली, वनपाखा, लेकबेंसीलाई उजागर गरेका छन् । त्यसैले यहाँ प्रचलित सालैजो गीत यहाँको प्रकृतिको अध्ययन गर्न मिल्ने ज्ञानका आधार बनेका छन् भनेर भन्न सकिन्छ ।

#### ४.१.१.५ कृषिसम्बन्धी विषय

कृषि नै मानव जीवन जिउने आधार हो । अन्य व्यवसाय जे भए पनि कृषि व्यवसाय भएन भने मान्छे खान नपाएर मृत्यको काखमा जान वाद्य हुन्छ । त्यसैले संसारका सबै ठाउँमा कृषि व्यवसायले प्रश्रय पाएको छ । यस्तै पैयुँखोले  समाजको जीवन जिउने मुख्य आधार पनि कृषि नै बनेको छ । यहाँ धान, कोदो, मकै, बोडी, सिमी, गहत, मास, उखु लगायतका खेती उब्जाउ हुन्छन् । यस्ता खेती गर्ने मौलिक पद्धति यहाँको समाजले जोगाइराखेको छ । कृषिलाई सबल तुल्याउन यहाँका किसानहरूले पशुपालन व्यवसाय पनि प्रश्रय दिएका छन् ।

पैयुँखोले समाजमा कृषिकार्य गर्ने आफ्नै खालको पद्धति छ । यहाँको समाजले परम्परादेखि नै सिक्दै आएको यो परम्परा अहिले पनि जोगाइराखेको छ । सिमी खेती र बामरी खेती गर्दाको पद्धतिलाई यहाँ प्रचलित सालैजो गीतले उजागर गरेका छन् । जानकारीका निम्ति यहाँ प्रचलित  सालैजो गीत यस प्रकारका छन् :

खनीमा खोर्सी उकेरै लायो सालैजो
मधेसे सिमिलाई
जहिलेमा आउँछु सुतेकै देख्छु सालैजो
के भयो तिमीलाई
सानोमा सानो बाँमरी बोट सालैजो
कुटोले गोडौंला
बालकदिनमा लाएको माया सालैजो
रोएरै छोडौंला

यसरी धान, कोदो, मकै, गहुँ, सिमी, बोडीलगायतका अन्नको बिउ लगाउने, रोप्ने, गोड्ने, काट्ने, भन्डारन गर्ने पद्धतिलाई यहाँ प्रचलित सालैजो गीतले घुमाउरो पाराले प्रस्तुत गरेका छन् । कृषिमा आधारित समाजको बसोवास भएकाले यहाँ प्रचलित सालैजो गीतमा कृषिसम्बन्धी यस्ता प्रशस्त आएका छन् । कृषिसम्बन्धी ज्ञान आर्जन गर्ने व्यक्तिलाई यहाँ प्रचलित सालैजो गीतले मार्गनिर्देश गर्दछन् ।

### ४.१.१.६ नीतिउपदेशसम्बन्धी विषय

यो सृष्टि र मानव जीवनलाई सुन्दर तुल्याउन ऋषिमुनिहरूले नीतिउपदेश दिए । तिनको पालना गरेर मानिसले आफूलाई अब्बल दर्जाको नागरिक पनि बनाए । उपकार गर्नु धर्म हो । दया धर्म हो । दान गर्नु धर्म हो । अरूलाई दुख दिनु पाप हो । धर्म गरे स्वर्ग प्राप्त हुन्छ । पाम गरे नरकमा परिन्छ । परिश्रमको फल मिठो हुन्छ । पापबाट मुक्त हुन भगवानको भक्ति गर्नु पर्दछ । विद्याले विनय दिन्छ । विनयले मान्छेलाई सत्पात्र बनाउँछ । सत्पत्र भएर काम गरेमा धन प्राप्त हुन्छ । धन प्राप्त भए पछि सुख हुन्छ । यस्ता अनगिन्ती नैतिक उपदेशका कुरा पैयुँखोले समाजमा प्रचलित छन् । तिनलाई स्मरण गर्दै व्यवहारमा उतारेको पैयुँखोले समाजका कतिपय लोकगायक तथा लोकगायिकाले आफूले गायका लोकगीतमा यस्ता नीतिउपदेशका कुरालाई उजागर गरेका छन् । मान्छेको रुप खानी होइन राम्रो बेहोरा खानी हो । जन्मेपछि मर्नुपर्ने सृष्टिको रचना हो । यस्ता नैतिक उपदेशका कुरा पैयुँखोले लोकसमाजमा प्रचलित छन् । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतका दुईवटा चरन यहाँ प्रस्तुत गरिएको छ :

मगमा मग बासना चल्यो सालैजो
फूल फुल्यो केवरा
रूप खानी हैन, सीप खानी हैन सालैजो
खानी हो व्यहोरा

लुगाधुने साबुन साबुन धुने पानी सालैजो
मन धुने बचन
जन्मेलाई पछि हजुर मर्नु नै पर्छ सालैजो
सृष्टिको रचना

यसरी पैयुँखोले सालैजो गीतले मानिसलाई सत्मार्गमा हिँड्न र जीवन सञ्चालन गर्न नैतिक उपदेश दिएका छन् । जीवनका निम्ति उपयोगी यस्ता ज्ञानबर्धक सालैजो गीत सबैका लागि उपयोगी देखिएका छन् ।

### ४.१.१.७ प्रेम र विरह विषय

प्रेममा नै संसार अडिएको छ । मान्छेले मान्छेलाई प्रेम गरेको छ र त सृष्टि अडिएको छ । यस्तै पशुले पनि पशुलाई प्रेम गरेको छ । पन्छीले पन्छीलाई प्रेम गरेको छ । रुखबिरुवाले पनि एकअर्कालाई प्रेम गरेका छन् । यस्तै एकले अर्कालाई प्रेम गरेका कारण यो सृष्टि मिठो बनेको छ । प्रेमका विभिन्न छन् । जहाँ प्रेम हुन्छ त्यहाँ आनन्द हुन्छ । जहाँ प्रेम हुँदैन त्यहाँ भय र छटपटी मात्र हुन्छ । प्रेममा व्यवधान आउँदा पीडा हुन्छ । व्याकुलता छाउँछ । विरह बढ्छ । जीवनले गति लिंदैन । निराशा सल्बलाउँछ । मुस्कान जन्मिदैन । आँसु सल्बलाउँछ । मान्छेमा मात्र होइन हरेक प्राणी र प्रकृतिमा पनि प्रेम र विरहको अवस्था आउँछ ।

प्रेमको सागरमा बएली खेलेपछि मान्छेले आफूलाई नै बिर्सन्छ । आफूले मन पराएको व्यक्ति आफ्नो लागि अचम्मको शक्ति हुन्छ, एउटा मधुर सङ्गीत हुन्छ, एउटा छुट्टै शान्तिको ध्वनि हुन्छ । समाजमा प्रेमको यस्तो स्वाद लिने व्यक्ति पनि छन् । यस्तो प्रेमको आकाशमा उडेका दुई जोडीमध्ये एकजनाले छाडेर गए पछि एक्लिएको व्यक्ति विरहमा छटपटाउँछ । यस्तो प्रेम र विरहको चित्रण पैयुँखोले सालैजो गीतमा पाइन्छ । जस्तै :

दिनैर भरी नाम्लैर बुन्यो सालैजो
सिर्जना सकिन
हितैको मयाले छोडीमा गयो सालैजो
बिर्सन सकिन

पैयुँखोले सालैजो गीतले प्रेम र विरहका धेरै स्वर घन्काएका छन् । आरम्भमा प्रेमी र प्रेमिकाका बीच मिठो प्रेम सल्बलाएको हुन्छ । पछि गएर तीमध्ये एकले अर्कालाई छाडेपछि विरह र व्याकुलताले स्थान पाउँछ । प्रेमिकाले छाडेर गए पछि एउटा प्रेमीले विरही जीवन बिताउन पर्ने एउटा वाद्यता पनि हो । यही वाद्यताको अभिव्यक्ति पैयुँखोले सालैजो गीतमा यसरी व्यक्त भएको छ :

गाईको गोठ भैंसीको गोठ सालैजो
किलैर ठोकेको
झलमा झल समझौली नानी सालैजो
ओठैंमा टोकेको

यसरी पैयुँखोले सालैजो गीतमा धेरै मात्रामा प्रेम र विरहका आवाज मात्र घन्किएका हुन्छन् । यहाँका सालैजो गीतमा प्रेमी तथा प्रेमिकाको प्रेमले बढी प्रश्रय पाएको हुन्छ । तिनका जीवनमा बादल लागेको अनि आँधीबेहेरी आएको अवस्थामा विरहले स्थान ओगटेको हुन्छ । यस्ता प्रेम र विरहका स्वर नै पैयुँखोले सालैजो गीतमा बढी फेला परेका छन् ।

## ४.२ पैयुँखोले सालैजो गीतमा अलङ्कारविधान

### ४.२.३ अलङ्कार विन्यास

अलङ्कारको अर्थ गहना हो । मान्छेले लगाउने गहना एक प्रकारको अलङ्कार हो । साहित्यको गहना अर्को प्रकारको अलङ्कार हो । अलङ्कारले भूषित गर्दछ अर्थात् शोभा बढाउँछ (पराजुली, २०५७: ५३२) । साहित्यमा प्रयोग हुने अलङ्कार दुई प्रकारका छन् । जस्तै : (१) शब्दालङ्कार (२)अर्थालङ्कार । शब्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार र अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ (तिम्सिना र भँडारी, २०५५ : १८) । शब्दालङ्कारअन्तर्गत बक्रोक्ति, अनुप्रास, यमक, श्लेष अलङ्कार पर्दछन् । अर्थालङ्कारअन्तर्गत स्वभावोक्ति, उपमा, दृष्टान्त, रुपक, अपन्हुति, सन्देह, उत्प्रेक्षा, अतिशयोक्ति जस्ता अलङ्कार पर्दछन् । यिनै अलङ्कारमध्ये केही अलङ्कारको विन्यास पैयुँखोले सालैजो गीतमा प्रयोग भएको भेटिन्छ ।

#### ४.२.३.१ अनुप्रास अलङ्कार

वर्ण दोहोरिंदा अनुप्रास अलङ्कार हुन्छ (तिम्सिना र भँडारी, २०५५: १८) । अनुप्रास अलङ्कारका छेकानुप्रास वृत्यानुप्रास, लाटानुप्रास, मध्यानुप्रास, आद्यान्तानुप्रास र अन्यानुप्रास आदि यसका अनेक भेद छन् । यिनैमध्येका केही अलङ्कार पैयुँखोले सालैजो गीतमा प्रयोग भएको पाइन्छ ।

(क) **वृत्यानुप्रास**

धेरै शब्दको अन्त्यमा एउटै वर्ण पटक-पटक दोहोरियो भने वृत्यानुप्रास अलङ्कार हुन्छ । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

रिमि र झिमी पानीमा पऱ्यो सालैजो
स्याखु छैन रूझायो
एकुमन रोयो एकुमन हाँस्यो सालैजो
एकुमन रूवायो

माथि उल्लेखित गीतमा मि, यो, न अक्षरहरू दोहोरिएर आएका हुनाले वृत्यानुप्रासको प्रयोग भएको छ ।

(ख) **छेकानुप्रसा**

एक वा धेरै व्यञ्जनवर्णहरू एकपल्ट दोहोरिएमा छेकानुप्रास अलङ्कार हुन्छ । जानकारीका निमित पैयुँखोले सालैजो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

माथिमा माथि नुनैर दिने सालैजो
भोटैर दानीले
हजूर हामी भेटैर भयो सालैजो
दानैर पानीले

यहाँ **नुनैर, दानैर** आएको **नै** एकपटक दोहोरिएकाले छेकानुप्रास अलङ्कार पर्न गएको छ ।

(ग) **अन्त्यानुप्रास**

सालैजो गीतको पाउको अन्त्यमा वर्ण दोहोरिंदा अन्त्यानुप्रास अलङ्कार हुन्छ । पैयुँखोले सालैजो गीतमा अन्त्यानुप्रास अलङ्कार प्रशस्त मात्रामा भेटिन्छन् । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

झलक्क हेर्दा टलक्क टल्क्यो सालैजो
कसुकी बैदाम ताल
आर्चरे जिल्ला भागी भए मिल्ला सालैजो
पुरानो माया जाल

यस गीतमा **ताल** र **जाल** शब्द दोहोरिएका छन् । यसमा समान किसिमका वर्ण अन्त्यमा दोहोरिएका छन् । त्यसैले उक्त गीतमा उपमा अलङ्कार पर्न गएको छ ।

### ४.२.३.२ श्लेष अलङ्कार

धेरै अर्थ हुने शब्दहरूको प्रयोग गरेर एकसाथ दुई वा बढी प्रकारको अर्थ बुझाउँदा श्लेष अलङ्कार हुन्छ । पैयुँखोले सालैजो गीतमा श्लेष अलङ्कारको प्रयोग भएको पाइन्छ । जानकारीका निम्ति सालैजो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

हलोमा जोत्ने हलीपाते दाजु सालैजो
खै लाग्यो फालीमा
निरमाया सुखीले दिएको फूल सालैजो
ओइलायो आलीमा

यसमा आएको **खै** शब्दले एकातिर फलाममा लाग्ने खिया र अर्कातिर **खोइ** (कता गयो) भन्ने अर्थ सम्प्रेषण गरेकाले उपमा अलङ्कार परेको छ ।

### ४.२.३.३ उपमा अलङ्कार

जहाँ दुईवटाको एउटै धर्म हुन्छ अनि तिनमा समानता देखाई फलानू जस्तो फलानू भनियो भने त्यहाँ उपमा अलङ्कार हुन्छ । साहित्यमा कुनै दुई थरी वस्तुमा एउटा वस्तुलाई अर्को वस्तुसँग दाँजेर फलानो वस्तुजस्तै भन्नुपर्दा उपमा अलङ्कार हुन्छ । यस अलङ्कारमा उपमेय (समानता देखाइने वस्तु) उपमान (समता गरिने वस्तु) समान धर्म (उपमा दिइने आधार वा गुण) र वाचिक शब्द (जस्तो सरि आदि) चार तत्व हुन्छन् (पराजुली, २०५७ :५३५) । पैयुँखोले सालैजो गीतमा उपमा अलङ्कारको अत्यधिक प्रयोग पाइन्छ । जानकारीका निम्ति एउटा उदाहरण यहाँ प्रस्तु गरिएको छ :

भोर्ले र खोला च्यापुटे ढुङ्गा सालैजो
भगुमानै जस्तो छ
मुखले भने ललिते पाछौं सालैजो
मन भने कस्तो छ ?

यहाँ आएको भोर्ले खोलाको च्याप्टे ढुङ्गालाई भगवानसँग दाँजिएको छ अर्थात् यस ढुङ्गाको शक्ति भगवानको जस्तो छ भनी दर्शाएकाले यहाँ उपमा अलङ्कार पर्न गएको छ ।

### ४.२.३.४ रूपक अलङ्कार

उपमेयमा उपमानको स्वरूपको आरोप गरेर फलानू नै फलानू भनेमा रूपक अलङ्कार हुन्छ । एउटा वस्तुलाई अर्को वस्तुमा आरोपित गर्नु नै रूपक अलङ्कार हो । अभिव्यक्तिमा आफ्नो मायालुलाई, पूर्णेको जून, फूल, कोइली आदिमा आरोपित गर्दा रूपक अलङ्कार पर्न जान्छ । पैयुँखोले सालैजो गीतमा रूपक अलङ्कारको प्रयोग प्रसस्त पाइन्छ । जानकारीका निम्ति सालैजो गीतको एउटा चरन यहाँ प्रस्तुत गरिएको छ :

सिमल भुवा उडेर गयो सालैजो
सिरिरी बतास
उडी नै रह्यो मनको चरी सालैजो
बस्ने ठाउँ कता छ ?

उक्त सालैजो गीतमा **सिमल भुवा**लाई प्रेमीमा आरोपित गरिएको छ अनि **मन**लाई चरोमा आरोपित गएकाले दुई ठाउँमा रूपक अलङ्कार पर्न गएको छ ।

### ४.२.३.५ उत्प्रेक्षा अलङ्कार

सम्भव वर्णनीय वस्तुको असम्भव अवर्णनीय रूपमा सम्भावना प्रस्तुत गरेमा उत्प्रेक्षा अलङ्कार हुन्छ । अर्को शब्दमा भन्ने होभने एक विषय वा वस्तुको सम्भावना अर्को विषय वा वस्तुमा देखाइएको अवस्थामा उत्प्रेक्षा अलङ्कार जन्मिन्छ । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

स्वरैमा दिने नरसिंहे बाजा सालैजो
ताल दिने ढोलकी
छेउमा बस्ने कुन पूर्नेको जुन सालैजो
मयाँलु होलाकि ?

उक्त सालैजो गीतमा आएको **होला कि**ले सम्भावनालाई बुझाएको छ । यस गीतमा छेउमा बस्ने पूर्णिमाको जून जस्तै उज्याली मायालु हुन सक्ने सम्भावना देखाएकाले उत्प्रेक्षा अलङ्कार पर्न गएको छ ।

### ४.२.३.६ स्वभावोक्ति अलङ्कार

कुनै पनि मानिस वा पशुपक्षीको ठिक्क स्वाभाविक व्यवहार वा रुपको वर्णन गरेमा स्वभावोक्ति अलङ्कार हुन्छ । यस अलङ्कारमा कुनै पनि वस्तु वा प्राणीको स्वभाविक वा मिल्दो वर्णन गरेको पाइन्छ । पैयुँखोले सालैजो गीतमा स्वभावोक्ति अलङ्कार धेरै ठाउँमा पाइन्छ । जानकारीका निम्ति पैयुँखोले सालैजो गीतको एउटा चरन यहाँ प्रस्तुत गरिएको छ :

राजाले दियो, काजीले पायो सालैजो
लामे र दुतान
पापिनी आमा के जन्म दियो ? सालैजो
यो दुख भुक्तान

उक्त गीतमा लामे र दुक्तान भन्ने स्थान राजाले दिएको र आमाले कष्ट भोग्न जन्म दिएको कुरा जसरी वर्णन गरिएको त्यो स्वाभाविक खालको छ । त्यसैले उक्त गीतमा स्वभावोक्ति अलङ्कार पर्न गएको हो ।

### ४.२.३.७ अंतिशयोक्ति अलङ्कार

कुनै पनि विषय वा वस्तुको आवश्यकता भन्दा बढी अतिरिञ्जित रूपले वर्णन गर्दा अतिशयोक्ति अलङ्कार पर्न जान्छ । पैयुँखोले सालैजो गीतमा पनि यस्ता उदाहरण धेरै पाइन्छन् । जानकारीका निम्ति सालैजो गीतको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

सोर दिने सराद, नौ दिने दुर्गा सालैजो
राखुम्ला जमरा
मयाँलु हौली कमलको फूल सालैजो
मै हुम्ला भँमरा

उक्त सालैजो गीतमा मायालुलाई कमलको फूल हौली अतिरञ्जित वर्णन गरिएको छ अनि आफूलाई भँमरा हुन्छु भनेर अतिरञ्जित वर्णन गरिएको छ । त्यसैले उक्त गीतमा अतिशयोक्ति अलङ्कार पर्न गएको हो ।

यसरी अलङ्कारविधानका कोणबाट पैयुँखोले सालैजो गीतलाई नियाल्दा यहाँ प्रचलित सालैजो गीतमा शब्दालङ्कार र अर्थालङ्कारका विभिन्न भेदहरू प्रयोगमा आएका पाइएका

छन् । ती अलङ्कारले पैयुँखोले सालैजो गीतलाई सुन्दर बनाएका छन् । तिनै अलङ्कारका माध्यमबाट त्यहाँका सालैजो गीत मार्मिक बन्न पुगेका हुन् ।

## ४.३ निष्कर्ष

पैयुँखोले सालैजो गीतलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिने भए पनि यहाँ विषयवस्तु र अलङ्कारका आधारमा विश्लेषण गरिएको छ । ती कोणबाट नियाल्दा पैयुँखोले सालैजो गीतमा सामाजिक विषय, आर्थिक विषय, धार्मिक तथा सांस्कृतिक विषय, प्राकृतिक विषय, नीतिउपदेश विषय, प्रेम र विरह विषय प्रबल बनेर देखापरेका छन् । यस हुनुको मुख्य कारण यहाँको लोकसमाज यस्ता पक्षसित बढी नजिक रहेको तथ्य प्रमाणित भएको छ । पैयुँखोले सालैजो गीतमा अनुप्रास अलङ्कार, श्लेष अलङ्कार, उपमा अलङ्कार, रुपक अलङ्कार, उत्प्रेक्षा अलङ्कार, स्वभावोक्ति अलङ्कार र अतिशयोक्ति अलङ्कार जस्ता अलङ्कार मुख्य रूपमा देखापरेका छन् । अभिव्यक्ति प्रबल हुने भएकाले नै यी अलङ्कार बढी प्रयोग भएका हुन् । लोकगायकले लोकजीवनले भोगेका विविध पक्षलाई अलङ्कारका रूपमा प्रयोग गरेका छन् । यिनले गर्दा पैयुँखोले सालैजो गीत मार्मिक बन्न पुगेका हुन् ।

पाँचौं अध्याय

# निष्कर्ष

## ५.१ सारांश

**पैयुँखोले सालैजो गीतमा विषयवस्तु र अलङ्कारविधान** शीर्षकको प्रस्तुत शोधपत्र छवटा अध्याय र परिशिष्टमा विभाजित छ । यसको पहिलो अध्यायमा **विषयपरिचय** शीर्षक राखी यस शोधपत्रको शीर्षक, प्रयोजन, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, औचित्य, क्षेत्र र सीमा, शोधविधि र परिच्छेदविभाजन उपशीर्षक राखी विषयको चिनारी दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो अध्यायमा **सालैजो गीतको सैद्धान्तिक परिचय** शीर्षक राखी सालैजो गीतको परिभाषा, सालैजो गीतका तत्त्व, सालैजो गीतका प्रकार, सालैजो गीतका विशेषता र सालैजो गीत र अन्य विधा उपशीर्षकमा केन्द्रित भई सालैजो गीतको सिद्धान्त स्थापित गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायमा **पैयुँखोले सालैजो गीतको वर्गीकरण र परिचय** शीर्षक राखी पैयुँखोले सालैजो गीतलाई १ टुक्कायुक्त एकोहोरी लामो सालैजो गीत, २ टुक्कायुक्त दोहोरी लामो सालैजो गीत, ३ टुक्काविहीन एकोहोरी लामो सालैजो गीत, ४ टुक्काविहीन दोहोरी लामो सालैजो गीत
५ टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीत, ६ टुक्कायुक्त दोहोरी छोटो सालैजो गीत, ७ टुक्काविहीन एकोहोरी छोटो सालैजो गीत, ८ टुक्काविहीन दोहोरी छोटो सालैजो गीत गरी आठ भागमा छुट्ट्याएर चिनाइएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायमा **पैयुँखोले सालैजो गीतमा समाविष्ट विषयवस्तु र अलङ्कारविधान** शीर्षक राखी पैयुँखोले सालैजो गीतको विश्लेषण गरिएको छ । त्यस क्रममा पैयुँखोले सालैजो गीतमा विषयविधान उपशीर्षक राखेर यहाँका गीतमा पाइने सामाजिक विषय, आर्थिक विषय, धार्मिक तथा सांस्कृतिक विषय, प्राकृतिक विषय, नीतिउपदेश विषय, प्रेम र विरह विषयका बारेमा विश्लेषण गरिएको छ । यस्तै दोस्रो उपशीर्षक पैयुँखोले सालैजो गीतमा अलङ्कारविधानअन्तर्गत रही यहाँका गीतमा पाइने अनुप्रास अलङ्कार, श्लेष अलङ्कार, उपमा अलङ्कार, रुपक अलङ्कार, उत्प्रेक्षा अलङ्कार, स्वभावोक्ति अलङ्कार र अतिशयोक्ति अलङ्कारबारे व्याख्या गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं अध्यायमा **निष्कर्ष** शीर्षक राखिएको छ । यस अध्यायमा यस शोधपत्रको सारांश, निष्कर्ष र प्रस्तुत गरी अन्त्यमा सुझाउ उल्लेख गरिएको छ । परिशिष्टमा पैयुँखोले सालैजो गीतहरू सङ्कलन गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपालको पर्वत जिल्लाको दक्षिणी भेकमा पर्ने एउटा खोलाको नाम पैयुँखोलो हो । त्यही खोलाको आसपासका वासिन्दालाई पैयुँखोले भनिन्छ । तिनै पैयुँखोले समाजमा प्रचलित सालैजो गीतलाई पैयुँखोले सालैजो गीत भनिएको हो ।

पैयुँखोले सालैजो गीतलाई हेर्दा यसका आफ्नै निजी सिद्धान्त निर्माण भएका छन् । पैयुँखोले सालैजो गीतको आफ्नै निजी परिचय छ । यो गीत आफ्नै निजी तत्वद्वारा निर्मित हुन्छ । यसका आफ्नै प्रकार र विशेषता छन् । यो गीत लोकगीतका अन्य विधासँग नजिक भए पनि यसको आफ्नै मौलिक पहिचान छ ।

पैयुँखोले सालैजो गीतका विभिन्न प्रकार छन् । यसलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । टुक्काप्रयोगका आधारमा हेर्ने होभने यो गीत (१) टुक्कायुक्त एकोहोरी लामो सालैजो गीत, (२) टुक्कायुक्त दोहोरी लामो सालैजो गीत, (३) टुक्काविहीन एकोहोरी लामो सालैजो गीत, (४) टुक्काविहीन दोहोरी लामो सालैजो गीत (५) टुक्कायुक्त एकोहोरी छोटो सालैजो गीत, (६) टुक्कायुक्त दोहोरी छोटो सालैजो गीत, (७) टुक्काविहीन एकोहोरी छोटो सालैजो गीत, (८) टुक्काविहीन दोहोरी छोटो सालैजो गीत गरी आठ भागमा वर्गीकृत हुन्छ ।

पैयुँखोले सालैजो गीतमा सामाजिक विषय, आर्थिक विषय, धार्मिक तथा सांस्कृतिक विषय, प्राकृतिक विषय, नीतिउपदेश विषय, प्रेम र विरह विषय प्रबल बनेर देखिएका छन् । यस्तै यहाँका गीतमा पाइने अनुप्रास अलङ्कार, श्लेष अलङ्कार, उपमा अलङ्कार, रुपक अलङ्कार, उत्प्रेक्षा अलङ्कार, स्वभावोक्ति अलङ्कार र अतिशयोक्ति अलङ्कार मुख्य बनेर देखिएका छन् ।

## ५.३ सुझाउ

पैयुँखाले सालैजो गीत हराउने अवस्थामा पुगेको छ । शिक्षा, यातायात, सञ्चार, विद्युत र आधुनिक सभ्यताका कारण यहाँका सालैजो गीत लोप हुँदै छन् । .यहाँका मान्छेले घरमै बसेर टी भी तथा रेडियोका माध्यमबाट मनोरञ्जन गर्न थालेका छन् । गाउँलेहरूले

राति गीत गाउने परम्परालाई त्याग्दै गएका छन् । यस्तो अवस्था रहँदै गएमा पैयुँखोले सालैजो गीत हराएर जान्छ । त्यसैले यहाँका सालैजो गीतलाई बचाउन गायकगायिकालाई उत्प्रेरित गर्ने अनि अध्येताले यहाँका सालैजो गीतमा केन्द्रित भई विभिन्न शीर्षक बनाएर अध्ययन गर्ने । यसो गर्न सकेमा मात्र पैयुँखोले सालैजो गीत जोगिन सक्छन् ।

## सन्दर्भकृतिसूची


कन्दङ्वा, काजीमान (२०२०), ***नेपाली जनसाहित्य,*** (दो.सं.) काठमाडौं : रोयल नेपाल एकेडेमी ।

कर्मा, लीलासिंहा (२०२३), ***हाम्रो लोकसाहित्य,*** सिन्धुलीमाडी : लेखक स्वयम् ।

खत्री, देवेन्द्रबहादुर (२०५८), ***गलकोट खुवा क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

जोशी, सत्यमोहन (२०१४), ***हाम्रो लोकसंस्कृति,*** काठमाडौं : रत्नपुस्तक भण्डार ।

ढुङ्गाना, रामजीप्रसाद (२०६२), ***पुला क्षेत्रमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखरा : त्रि.वि., पृथ्वीनारायण क्याम्पस ।

तिमसिना, डिल्लीराम र माधव भँडारी(२०५५), **छन्द र अलङ्कार** (पाँ.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

थापा, धर्मराज (२०२०), ***हाम्रो लोकगीत,*** काठमाडौं : रेडियो नेपाल ।

……………… (२०३०), ***गण्डकीका सुसेली,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

थापा, धर्मराज र हंसपुरे सुवेदी(२०४१), ***नेपाली लोकसाहित्यको विवेचना,*** काठमाडौं : त्रि.वि., पाठ्यक्रम विकासकेन्द्र ।

न्यौपाने, कुसुमाकर (२०४४), ***पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,*** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

……………………(२०४७), "सालैजो गीतको परिचय र वर्गीकरण" ***सिर्जना,*** (वर्ष ३, अङ्क ३), पोखरा : वनविज्ञान अध्ययन संस्थान, केन्द्रीय क्याम्पस, पृ.११ ।

…………………… (२०६०), ***धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन*** (अप्रकाशित लघु अनुसन्धान), काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

……………………(२०६६),***पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन*** - विद्यावारिधि शोधप्रबन्ध), काठमाडौं : त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान ।

……………………(२०७०), ***नेपाली लोकगीत,*** पोखरा : फिस्टेल पब्लिकसन प्रा.लि.पृथ्वीचोक ।

पन्त, कालीभक्त (२०२८), ***हाम्रो सांस्कृतिक इतिहास,*** स्याङ्जा : लेखक स्वयम् ।

……………… (२०३३), ***हाम्रा गीत सुधारको राष्ट्रिय बाटो,*** स्याङ्जा : लेखक स्वयम् ।

पराजुली, कृष्णप्रसाद (२०५७), ***नेपाली लोकगीतको आलोक,*** काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

पोखरेल, बालकृष्ण (सम्पा.), ***नेपाली बृहत् शब्दकोश,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), ***नेपाली लोकसाहित्य,*** काठमाडौं : एकता बुक्स ।

लोहनी, लक्ष्मण (२०२२), ***रोधीघर*** (दो.सं.), काठमाडौं : लोकगीत प्रकाशन मण्डल ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०६३),***लोकवार्ताविज्ञान र लोकसाहित्य,*** काठमाडौं : विद्यार्थी पुस्तक मण्डल ।

परिशिष्ट

## पैयुँखोले सालैजो गीतको सङ्कलन

पानै र खायो सुपारी खायो सालैजो
बानिया बजार
जतामा हेर्छु सुर्जेमन्डल फूल सालैजो
उतै मेरो नजर ।

विसौलीको बरै कोदाली मेरो सालैजो
धरती धसुँला
यसैमा गरी मयाँलुसँग सालैजो
कति दिनै बँसुला ?

हातमा लिम्ला कलमै मसी सालैजो
लेखुम्ला भनेर
डाँडैमा बसी नजरै लाम्ला सालैजो
देखुम्ला भनेर ।

आज र बिहान गौडाँडा वनमा सालैजो
भाले बास्यो कोकले
रातीको बाटो धाउँदैमा आयो सालैजो
भेट हुने धोकाले ।

हेर्दामा राम्रो इकाडै गाउँ सालैजो
जोरी पिपल लाइन
जानेको चरण गाइदिनु सुखी सालैजो
चलाम्ला बइन ।

माथीमा पऱ्यो इकाडै गाउँ सालैजो
तल पऱ्यो पखेरे
गाएको गीत छौपिनौ सुखी सालैजो
अन्तै मयाँ छकेरे ।

बाटैरो मुनि सार्की दाइको घर सालैजो
मासु मासु गनायो
गीत गाउने चेली मोहनी रैछ सालैजो
बसुँ-बसुँ बनायो ।

राम्दीको पुल लचक्कै लच्क्यो सालैजो
फलामे गिपैले
बिग्रेको चरण सपारी लानु सालैजो
चली तिम्रो सिपैले ।

आकाशै भरी नौ लाखे तारा सालैजो
मै गन्न सक्दैन
मुखको कुरा सामखै आउँछ सालैजो
मै भन्न सक्दैन ।

आकाशै गर्ज्यो आसिनापानी सालैजो
भुँई गर्ज्यो भुँईंचाल
मरेको मान्छे स्वर्गलोकै पुग्यो सालैजो
बाँचनीको यै चाल ।

बाटैरो माथि दमै दाइको घर सालैजो
बजाउने ढोलकी
आज र जस्तो भोली र पनि सालैजो
यस्तै यस्तै होला कि ?

सपलाई सप घाँसैमा काट्यो सालैजो
बाँकी रह्यो ठेट्न
दिनको बाटो छिनमा आयो सालैजो
मयाँलाई भेटन ।

बाघलाई हान्दा बघेनी मऱ्यो सालैजो
गैरीसुरे भिरैमा
रिस र राग पैतलामुनि सालैजो
मयाँ राख शिरैमा ।

पाथीलाई भोरी दुधैरो दिने सालैजो
भैंसी मेरो हतासे
माइत र घर नगर चेली सालैजो
छोरो पाउली बतासे ।

माथि र बाट भोटे लामा आयो सालैजो
काँधैमा त्रिशुल
सुखीमा चेलीले गाएको चरण सालैजो
कहाँ गई बिर्सुल ?

वारि र पारि दाङ्सिङ र इकाङ सालैजो
सेती खोला साँझै हो ।
जानेको चरन छोपिदेऊ चेली सालैजो
भेट हुनी आजै हो ।

हिले र माथि छरीकाटे वन सालैजो
रुख माथि रुखै छ
पापिनी आमाले केलाई जन्म दियो ? सालैजो
दुख माथि दुखै छ ।

हेर्दामा राम्रो लाम्तुनै गाउँ सालैजो
तल पऱ्यो पाखापानी
जाने त गीत गाइदिने थियो सालैजो
मिले त भाका पनि ।

बाबालाई ज्यूको यो दैलो मुनि सालैजो
छरेको बेसार
गाइदिनू चरन लाइदिनू मयाँ सालैजो
मरिलानु के छ र ?

सल्यानी गाउँको सात मुले कुवा सालैजो
रामकोटे धारापानी
लाम्तुने चेलीले धोकैमा दियो सालैजो
बिगाऱ्यो घर पनि ।

हेर्दामा राम्रो लाम्तुनै गाउँ सालैजो
माथि हेरी वन छैन
उडीलाई जाम् त भने मै पन्छी होइन सालैजो
बस्न त मन छैन ।

दुनुमा दुनु मादुलै बज्यो सालैजो
सिरुखर्क गाँवैमा
पहिलो चरन चढादियो मैले सालैजो
चेली तिम्रो नाउँमा ।

आज र मैले घाँसैरो काट्यो सालैजो
बारीको चिलाउनी
नौलोमा गाउँको नौलो नै भाका सालैजो
कसरी मिलाउनी ?

लाम्तुने माथि बादलै पानी सालैजो
घाम छायाँ हिलेमा
लाइदिन्थे मयाँ गाइदिन्थे चरन सालैजो
मनपेट मिलेमा ।

सुरिलो जाने बाँसैको लिँगो सालैजो
भुइँ छोयो टुप्पैले
अहिले सम्मु घरबारै भइन सालैजो
यो मेरो रुपैले ।

माझीमा दाइले जालै रो हान्यो सालैजो
यै पैयुँखोलीमा
चैत र जाँदा बैशाख लाग्छ सालैजो
चडौली डोलीमा

हातैमा लिम्ला कलमै मसी सालैजो
कागतै केरम्ला
हितको सुखी कहाँ पुग्यो भनी सालैजो
रुख चढी हेरम्ला ।

बबा र ज्यूको दैलैर मुनि सालैजो
फूल फुल्यो स्वस्तिमा
बाबुको भन्दा आमाको मयाँ सालैजो
झन् मयाँ दोस्तीमा

धोबीमा धारा यो पँधेरीमा सालैजो
धोबी लुगा धुँदैछ
के भन्थ्यो तिम्ले, के भन्थें मैले ?
यै त मन रुँदैछ

धानैमा काटी आलीमा राखी सालैजो
परालै टौवैमा
खोलीको बाटो मै पनि आम्ला सालैजो
परखे है पौवैमा ।

बाटै र मुनि दमै दाइको घर सालैजो
बजायो थम्केरे
रातै र भरि सँगै र बस्यो सालैजो
अब त जाम्केरे ।

डाँडामा काटी कुलैमा ल्यायो सालैजो
रोपम्ला टारी खेत
मयाँलु रिमै कति धेरै पर्खें सालैजो
बल्ल भयो हाम्रो भेट ।

राम्दीको पुलमा डर मलाइ लाग्यो सालैजो
बोकेर तारिदेऊ
छ भने मयाँ छापक्कै लाइदेऊ सालैजो
छैन भने मारिदेऊ ।

नौतुनै बाट चेलेको रेल सालैजो
लङ्कामा लेट भयो
त्यो सपनीमा देखेको मयाँ सालैजो
बिपनीमा भेट भयो ।

हिउँदमा आयो बरिखा गयो सालैजो
थाकखोले थकाली
चरन गीत गाइदिनु चेली सालैजो
हृदये खकाली ।

हलैको गोरु जखमै भयो सालैजो
सोमबारे दाउनाले
रसको माया बिरसै भयो सालैजो
मै दुखी आउनाले ।

फेरो है लाम्ला बँधियाले त सालैजो
धरीलाई नयाँ खर
उडन्ता चरी फिरन्ता जोगी
केलाई चाहियो मलाई घर ?

हलैको गोरु जखामी भयो सालैजो
सोमबारै दाउनाले
हितको सुखी बिरामै भयो सालैजो
मै दुखी आउनाले ।

सपमा सप घाँसैर काट्यो सालैजा
आँसी रह्यो पाँजैमा
निरमया सुखीलाई सम्झियो मैले सालैजो
बेलुकी साँझैमा ।

पोखरै बजारको यो सिरानैमा सालैजो
बिन्दुरै बासिनी
छोरीको करिम हारेको रैछ सालैजो
अरिकैको दासिनी ।

माथिको डाँडा थुचुक्कै बसी सालैजो
हेरम्ला सरन
दुखीको छोरा यो गरिबलाई सालैजो
क्षमा गर नारन ।

हातैमा लिम्ला कलमै मसी सालैजो
कागतै केराकेर
के गीत गाउने के सिप लाउने सालैजो
मुखामुख हेराहेर ।

सिरको टोपी उडैमा लग्यो सालैजो
गण्डकी हावाले
के गीत गाउने ? के माया लाउने ? सालैजो
मै दुःखी जावाले ।

उदोमा जाँदा देखेको मैले सालैजो
रेलैको लइन
गाएको गीत छोपीलाईदिनु सालैजो
चलाम्ला बइन ।

उकालो बाटो चौपारी रैछ सालैजो
भारी है बिसाउनी
गाइदिन्थे चरन, लाइदिन्थे मयाँ सालैजो
कोही छ को रिसाउनी ?

राजाले दियो, काजीले पायो सालैजो
लामे रो दुताना
पापीनी आमा के जन्म दियो ? सालैजो
यो दुख भुक्ताना ।

आज र मैले घाँसैरो काट्यो सालैजो
रावल खोला वनैमा
यो चोखो मयाँ राखिदेऊ चेली सालैजो
त्यो तिम्रो मनैमा ।

पैयुँमै खोला गाई मरे सिनु सालैजो
गिद्ध घुम्यो रमन
चरनमा गीत गाइदिनू चेली सालैजो
नमरेसमन ।

दरुमै खोला बगेर आयो सालैजो
सेतै भयो बगर
लाइदिनू मयाँ गाइदिनु चरन सालैजो
छोटो मयाँ नगर ।

रानीमा घाट टुनीको डुँगा सालैजो
पानीमाथि सलसली
नदेखे मयाँ हाइसुकै थियो सालैजो
देख्यो मयाँ झलझली ।

आँधीमा खोला नजानुहोला सालैजो
डर लाग्दो भिर छ नि
हितैको मयाँलाई के भयो आज ? सालैजो
ठाडो छैन शिर पनि ।

बाउन्नै हातको त्रिपन्न गजको सालैजो
नेपाली धररा
हितैको मयाँलाई सम्झेर ल्याउँदा सालैजो
आँसु हुन्छ भरर ।

यतिमा राम्रो सिगरेटै खिली सालैजो
माझैमा हराप
दुधको भारा मै तिर्छु आमा सालैजो
नै दिनु सराप ।

पानीमा खायो उमाकाली लाग्यो सालैजो
नछेर कुखुरी
आफनो जारलाई मुर्कीले मार्ने सालैजो
के चाहियो खुकरी ?

उँधोमा हेरम् यो काली लेक सालैजो
उँधो हेरम् बन छैन
उडिजाम् भने म पन्छी हैन सालैजो
बसन मन छैन ।

बाली लाम् त फाली नेपाल गैछ हली सालैजो
बाँझो रह्यो गैरीखेत
मनले गुन्दा समचारै सुन्दा सालैजो
के गरी होला भेट ?

कसीमा कसी सुनै र जोख्यो सालैजो
बाइसै तोलैमा
हिसाबै छैन निसाबै छैन सालैजो
यसैर खोलैमा ।

बिनीमा बाग्लुङ यो टक्सारैमा सालैजो
पैसा काटी छाप लाग्यो
नबोलम् भने यो बोली बैंस सालैजो
बोलेको पाप लाग्यो ।

तिनमै खोली लुकलुके झार सालैजो
बटौली सिराठ
कि लाग्छ मलाई हजुरैको मयाँ सालैजो
कि लाग्छ बिराठ ।

आँधीमा खोला गुएँली पाक्यो सालैजो
चरीले चाखेको
चरनै गाउने सिप छैन मेरो सालैजो
बचनै राखेको ।

सपरसप भातैरो खायो सालैजो
अमिलो मोइसित
हितको मयाँ छोडेर मलाई सालैजो
नजानू कोईसित ।

नक्कली पोथी बारबिसे चल्ला सालैजो
हुरिकाउला कनिकाले
बोलेमा पछि फरक खाने छैन सालैजो
बत्तीसै दनितले ।

माथिमा बाट गुरुङसेनी आयो सालैजो
पानीलाई क्यु भन्यो
तरुनी भनी बोलाको मैले सालैजो
बुढीले ज्यू भन्यो ।

खेतीमापाती रावलै खोला सालैजो
घरमेरो बियाल्दा
आजको दिन गइसक्यो मयाँ सालैजो
हजुरलाई नियाल्दा ।

गण्डकी वारि, गण्डकी पारि सालैजो
कसले तार्‍यो तोरन ?
दुखीको छोरा सुखीको छोरी सालैजो
कसले पार्‍यो जोरन ?

राहुल वनको कटुसको दाउरा सालैजो
फूल जस्तै खरानी
रातैलाई भरी सँगसँगै बस्यो सालैजो
अब कता परानी ?

अँधेरी खोला गुएँली पाक्यो सालैजो
चरीले चाखेको
गीत र गाउने सिपढङ्ग छैन सालैजो
बचनै राखेको ।

फिटीमा फिटी मृगै र आयो सालैजो
आलीमुनि दपियो
पहिलाको मयाँ बहुतै थियो सालैजो
झन मयाँ थपियो ।

लेकैमा जाम्ला निगाली ल्याम्ला सालैजो
बनाम्ला कुलफी
त्यो कुलफीलाई ओठमा राखी सालैजो
लरिकाम्ला जुलफी ।

आकासै भरि नौलाखै तारा सालैजो
एकु तारा जुनसित
रङ्गमा राग यो सबैसित सालैजो
जुग जाने कुनसित ?

मधुरबिनी यो तिरिथैमा सालैजो
घामैर लाग्दैन
रसको मयाँ बिरमै हुँदा सालैजो
रमाइलो लाग्दैन ।

पोखरैको यो बजारैमा सालैजो
पैसा मानो बेसार
रङ्गमा राग गर बसम् रिमै सालैजो
मरिलानु के छ र ?

नेपालै जाम्ला रानीपोते ल्याम्ला सालैजो
धागोबाटी उनुम्ला
रिमै र ज्युले गाएको गीत सालैजो
डाँडै बसी सुनुम्ला ।

नौतुनैदेखि कुनाघाटसम्म सालैजो
रेलैको लइन
किलाई खायो मैले सिसैको गोली सालैजो
कि फेर्‍यो चइन ।

वनमा गई, वन बुटी ल्याई सालैजो
बनाम्ला रचना
लुगा धुने साबुन, साबुन धुने पानी सालैजो
मन धुने वचन ।

माथिमा पर्‍यो सरुमैखोला सालैजो
तल पर्‍यो हुवास
थपक्कै बसी चरनै गाउने सालैजो
चेली तिम्रो सुवास ।

खोलीको ढुङ्गा टपक्कै टिपी सालैजो
मै डाँडा कटाम्ला
धुरुमा धुरु नरुनु चेली सालैजो
मै चिठी पठाम्ला ।

घुमीलाई घुमी स्याखु मैले बुन्यो सालैजो
छ मैना बरिखालाई
छोरामा पाए अङसको धनी सालैजो
छोरी पाए अरिकालाई

रिमी र झिमी पानी है पऱ्यो सालैजो
स्याखु छैन रुझायो
बैरागी ज्यानको कोही मयाँ छैन सालैजो
मन तेसै बुझायो ।

रिमी र झिमी पानी रै पऱ्यो सालैजो
मधेसी सिमीलाई
जहिलेमा आउँछु सुतेकै देख्छु सालैजो
के भयो तिमीलाई ?

आँधीखोला भुम्रे नयाँ पाटी डुम्रे सालैजो
उकाली मस्याङ
हितैको मयाँ सम्झेर ल्याँउदा सालैजो
मन भयो झस्याङ ।

हातैमा लिम्ला कलमै मसी सालैजो
लेखम्ला भनेर
चारैमा दिसा नजरै लायो सालैजो
देखम्ला भनेर ।

आकासै भरी नौलाखे तारा सालैजो
मै गन्न सक्दिन
पेटको कुरा सहिमुख आउँछ सालैजो
मै भन्न सक्दिन ।

लेकैमा फुल्यो यो लाली गुराँस सालैजो
बँसीमा बयर
एकै र चरन गीत रै गाएँ सालैजो
रक्षा गर भएँर ।

बाँसैको लिङ्गो सुरीलै गयो सालैजो
भुइ छोयो टुप्पैले
यतिको बैस घरीबारै भइन सालैजो
के गऱ्यो रूपैले ?

एक पाते मकै दुई पाते भयो सालैजो
कुटोले गोडेर
टाढाको मयाँ नलाउनु रैछ सालैजो
गैगयो छोडेर ।

आकासै भरी नौ लाखे तारा सालैजो
एकु तारा जुनसित
हाँसो र रङ्ग सबैसँग हुन्छ सालैजो
जीवन जाने कुन सीत ?

चैतेरो दसैं यै र पैयुँकोटमा सालैजो
भोल बग्यो रगत
के गीत गाउने ?, के मयाँ लाउने ? सालैजो
एकलु फगत ।

दिनै र भरि सिकार खेल्यो सालैजो
सिरबानी सालधारी
कर्मैमा भए परीपरी आउँछ सालैजो
हुँदैन बल गरी ।

जलारी दाइले जालैमा हान्यो सालैजो
जाल पुग्यो दोभान
रङ्गमा रसी गर्दामा गर्दै सालैजो
गयो मेरो जोबान ।

खोलीको ढुङ्गा टपक्कै टिपी सालैजो
चौतारी चिनम्ला
गएको बैंस, फर्किआउँछ भने सालैजो
पैसा हाली किनौंला ।

गोठै र बस्ने गोठाला दाइको सालैजो
गोठमा मोही छैन
फूलबारी गयो फूल टिपी ल्यायो सालैजो
लाइदिने कोही छैन ।

कतिमा राम्रो फूलैर फुल्यो सालैजो
बैदामे तालैमा
तिम्रो त रस अन्तै नै रैछ सालैजो
मै पऱ्यो जालैमा ।

लेकैर पाखा गुएँली पाक्यो सालैजो
चरीले चाखेको
नभुल्नु मयाँ इसरा मेरो सालैजो
रुमालले डाकेको

घुमीमा घुमी बरखै लाग्यो सालैजो
पानीले रुझाउनी
दिन र रात रोइरन्छ मन सालैजो
कोही छैन बुझाउनी ।

आजै र मैले कखरा पढ्यो सालैजो
चिनेन अक्षर
दिन र रात सम्भ्कना तिम्रो सालैजो
नपाउनु पच्छेर ।

अँधेरीखोला गुएँली पाक्यो सालैजो
चरीले चाखेको
नाच्न र गाउन जान्दैन मैले सालैजो
बचनै राखेको ।

हत्यौरी बाटी फूलमाला गाँसी सालैजो
कल्ले ताऱ्यो तोरन ?
हजुर र हामी भेटैर भयो सालैजो
कल्ले पाऱ्यो जोरन ?

धिपी र धिपी आगैर बल्यो सालैजो
बिरूवै पसल
कहाँको पानी खाएथ्यौ नानी ? सालैजो
स्वर तिम्रो असल ।

उत्तरै दिशा यो चाइना देश सालैजो
दक्षिणै भारत
गाइदिनु चरन लाइदिनुमयाँ सालैजो
के हुनी छ र त ?

दुनुमा दुनु मादलै बज्यो सालैजो
यो हिले गावैमा
पहिलोर चरन चढायो मैले सालैजो
चेली तिम्रो नावैमा ।

हेर्दामा राम्रो यो हिले गाउँ सालैजो
माभ्मैमा पोखरी
चरनै गीत गाइहाल्यो मैले सालैजो
छोरी हो कि बुहारी ?

गोठै र बस्ने गोठाला दाइको सालैजो
गोठमा मोइ छैन
फूलबारी गयो फूल टिपी ल्यायो सालैजो
लाइदिने कोही छैन ।

गण्डकी वारि, गण्डकी पारि सालैजो
कसले तार्‍यो तोरन ?
हजुर हाम्रो भेटैरो भयो सालैजो
कसले पार्‍यो जोरन ?

तेरसो जाने सिमलु हाँगा सालैजो
ढुकुरै सलमल
सरामा सर गाइदिनु होला सालैजो
नपर्नु अलमल ।

पछ्यौरी मेरो मैलैले खायो सालैजो
धोइदिने कोही छैन
बिरानो देशमा मै मरी गए सालैजो
रोइदिने काही छैन ।

आकासै भरि नौलाखे तारा सालैजो
तिन तारा फुर्के जून
कहिले र काहीँ सम्भ्मनुहोला सालैजो
दुखीले लाको गुन ।

खोलीको ढुङ्गा टपक्कै टिपी सालैजो
मै डाँडा कटाम्ला
धुरुमा धुरु नरुनू चेली सालैजो
मै चिठी पठाम्ला ।

दिनै र भरि सिकार खेल्यो सालैजो
पारिको सालघारी
कर्मैमा भए परी परी आउँछ सालैजो
हुँदैन बल गरी ।

माथिबाट जोगीमा आयो सालैजो
काँधैमा त्रिसुल
चेली र माइती भेटै रो भयो सालैजो
काँ गइ बिर्सुला ?

खोलीको ढुङ्गा टपक्कै टिपी सालैजो
चौतारी चिनम्ला
गएको बैंस फर्की आउँछ भने सालैजो
पैसैले किनम्ला ।

आजर मैले घाँसैर काटैं सालैजो
दफर्कु भिरैमा
रिस र राग पैतालामुनि सालैजो
मयाँ राखम् सिरैमा ।

धिपीमा धिपी आगैर बल्यो सालैजो
त्यै पारि गोठैमा
उडेको चरी समाती ल्यायो सालैजो
बैंसको झोकैमा ।

आँधीखोला भुम्रे सयपाटी डुम्रे सालैजो
उकाली मस्याङ
हितैको मयाँ सम्भेर ल्याउँदा सालैजो
मन भयो भस्याङ ।

हातैमा लिम्ला कलुमै मसी सालैजो
लेखम्ला भनेर
चारैमा दिशा नजरै लायो सालैजो
देखम्ला भनेर

नक्कले पोथी बारबिसे चल्ला सालैजो
हुरिकाम्ला कनिकाले
बोलेमा पछि फरक खाने छैन सालैजो
बत्तीसै दनितले ।

सपलाई सप भातैर खायो सालैजो
अमिलो मोहीसित
मनको कुरा नखोल्नुहोला सालैजो
सौतेने पोइसित ।

हातैमा लिम्ला कलमै मसी सालैजो
लेखुम्ला कखरा
चिठी र पत्र नलेख्नु बाबा सालैजो
आइपुग्यो पोखरा ।

आँसीमै ल्यायो, खुरिपै ल्यायो सालैजो
सरिकारे कामीले
सुखिया रिमैको पारसी कुरा सालैजो
के बुभ्नी हामीले ?

काटीमा कुटी कागको मासु सालैजो
कालाको कालै छ
हितको मयाँ सम्झेर रूँदा सालैजो
सन्सार जालै छ ।

घुमीमा घुमी स्याखु मैले बुन्यो सालैजो
सिर्जन सकिन
नलाउनू मयाँ लाइहाल्यो मैले सालैजो
बिर्सन सकिन ।

बिसौलीमाको कोदाली मेरो सालैजो
धरती धसम्ला
सुखीको गाउँमा म दुखी आयो सालैजो
कति दिन बसम्ला

हिलेको पाखा थुचुक्कै बसी सालैजो
हेरम्ला चरन
जन्म त मेरो भयो हिले गाउँमा सालैजो
काँ होला मरन ?

बाघैरो हान्दा बघिनी मऱ्यो सालैजो
गैरिस्वाँरे भिरैमा
बाँचम्ला भनी कतिमा गरेँ सालैजो
दैब घुम्यो सिरैमा ।

आँधीमा खोला गुएँली पाक्यो सालैजो
चरीले चाखेको
गीत र गाउने सिप ढङ्ग छैन सालैजो
बचनै राखेको ।

हेर्दामा राम्रो हिलेको गाउँ सालैजो
डाँडैमा धारापानी
गीत गाउने चेली निठुरे रैछौ सालैजो
बिगाऱ्यो घर पनि ।

धानको बाला यो लरिबरी सालैजो
कोदाको कपना
दिनमा लाग्छ झलिको तिम्रो सालैजो
रातको सपना ।

मग र मग बासनै चल्यो सालैजो
सुरती खातैमा
हितको मयाँ बाटैमा भेट्यो सालैजो
के दिम् त हातैमा ?

ठकुरी दाइको चित्रैको गोठ सालैजो
चोयाको बन्दन
यसै त मलाई नक्कले भन्छन् सालैजो
लाउँदिन चन्दन ।

आकासै भरि नौलाखे तारा सालैजो
एकुतारा जुनसित
रङ्गमा राग यो सबैसित सालैजो
जुग जाने कुनसित ?

उँदोमा जाँदा किनेको मैले सालैजो
मोहोरमानु बेसार
रङ्गमा गरी बसम् है चेली सालैजो
मरी लानु के छ र ?

माझी र दाइले जालैमा हान्यो सालैजो
जाल पुग्यो दोभान
मै दिम्ला खान, मै दिम्ला लाउन सालैजो
मै दिम्ला जोबान ।

बढीमा आयो यो गेडीखोला सालैजो
पारि आयो भँगालो
बाएँमा हात सिरानी दिम्ला सालैजो
दाएँ हात अँगालो ।

दिन र भोरी दाउरा मैले चिऱ्यो सालैजो
कटुसे मुराको
आमा नि छैन, बाबा नि छैन सालैजो
बैरागी टुराको ।

लेकैमा फूल्यो लालीमा गुराँस सालैजो
बँसी फुल्यो कोइराला
तिम्रो र मेरो यो चोखो मयाँ सालैजो
जिन्दागी रैरला ।

सिरुमापाते खुकुरी मेरो सालैजो
दाइने पारी भिरम्ला
कुरामा परे नेपालै जाम्ला सालैजो
जारी परे तिरम्ला ।

बाबार ज्यूको बङ्गाले घर सालैजो
जोरैरो दलिन
हितैको मयाँ नआइदिँदाखेरि सालैजो
दिन भयो मलिन ।

पानीमा खायो सुपारी खायो सालैजो
बानिया बजार
दौंतारी मयाँ त्यैं जानु छैन सालैजो
तिरम्ला हजार ।
तिरम्ला है मयाँ हजार
तिरम्ला हजार ।

बिसौलीमाको कोदाली मेरो सालैजो
धरती धसुँला
यसैमा गरी हजुरैरो हामी सालैजो
कति दिन बसुँला ?
कति दिन हैमयाँ बसुँला ?
कति दिन बसुँला ?

हातैमा लिम्ला कलमै मसी सालैजो
लेखुम्ला भनेर
चारैमा दिशा नजर लायो सालैजो
देखुम्ला भनेर ।
देखुम्ला है मयाँ भनेर
देखुम्ला भनेर ।

नेपालै जाम्ला रानीपोते ल्याम्ला सालैजो
धागोबाटी उनुम्ला
रिमैर ज्यूले गाएको गीत सालैजो
डाँडैबसी सुनुम्ला ।
डाँडै बसी है माया सुनुम्ला
डाँडै बसी सुनुम्ला

हेर्दामा राम्रो इकाङै गाउँ सालैजो
जोरे पिपल लाइन
चरनै गीत गाइदिनु चेली सालैजो
चलाम्ला बइन ।
चलाम्ला है मयाँ बइन
चलाम्ला बइन ।

कसीमा कसी सुनैर जोख्यो सालैजो
बाइसै तोलैमा
हिसाबै छैन निसाफै छैन सालैजो
यसैरो खोलैमा
यसैर है मयाँ खोलैमा
यसैरो खोलैमा ।

इकाङको डाँडा अलिको भयो सालैजो
देवीको थानले
हजुर हामी भेटेरो भयो सालैजो
नैमोरी जानाले ।

थाकैर खोला नुनैरो दिने सालैजो
भोटे र थकाली
चिसो र पानी सरिदेऊ नानी सालैजो
अङ्खरै खकाली ।
अङ्खरै हैमयाँ खाली छ
अङ्खरै खाली छ ।

नेपाल जाने रसी जस्तो बाटो सालैजो
राखुखोला आँसु छ
नलाउनी फूलमा दिल मेरो बस्यो सालैजो
हेरी मलाई साँखु छ ।
हेरी मलाइ है मयाँ साँखु छ
हेरी मलाइ साँखु छ ।

हिलेरो माथि बादलु बस्यो सालैजो
कता पऱ्यो असिना ?
हितैको मयाँ नौ डाँडा पारि सालैजो
घरमै किन बसिन ?
हितको मयाँ नौ डाँडा पारि
सम्झना त भइरन्छ मनभरि ।

मकैमा छरी बैँसीको खेत सालैजो
त्यै माथि बन पऱ्यो
फूल जस्तो नानी लजाउनी बानी सालैजो
देख्न सारै मन पऱ्यो ।

आकासैभरि नौ लाखै तारा सालैजो
मै गन्न सक्दैन
मनको कुरा सामुखै आँउछ सालैजो
मै भन्न सक्दैन ।
हितको माया नौ डाँडा पारी
सम्झना त भइ रहन्छ मन भरी ।

हेर्दामा राम्रो लाम्तुनै गाउँ सालैजो
माथि हेर्दा वन छैन
उडीमा जाम् त भनी म पन्छ होइन सालैजो
बसम् भनी मन छैन ।
हितको मयाँ नौ डाँडा पारि
सम्झना त भइरन्छ मन भरि ।

हातमा बालो कानैमा मुन्द्रा सालैजो
भोटेले लाउँदैन
बितेको दिन गएको जोबान सालैजो
फेरी फर्की आउँदैन ।
हितको माया नौ डाँडा पारि
सम्झना त भइरहन्छ मन भरि ।

माथि पऱ्यो हिलेको गाउँ सालैजो
तल पऱ्यो भोरले
चरनै गीत छोपीमा दिनु सालैजो
सारङ्गी स्वरले ।
हितको मयाँ नौ डाँडा पारि
सम्झना त भइरन्छ मन भरि ।

बाटो र मुनि सारक दाइको घर सालैजो
मासु मासु गनायो
गीत गाउने चेली मोहनी रैछ सालैजो
बसुँ बसुँ बनायो ।
हितको मयाँ नौ डाँडा पारि
सम्झना त भइरन्छ मन भरि ।

हे पानी खायो सुपारी ह ह सालैजो
बानिया बजार
हे खायो सुपारी ह ह सालैजो
बानिया बजार
हे दौंतरी मयाँ त्यै ंजानु छैन ह ह सालैजो
तिरुँला हजार
हे सुना मायालु ह ह सालैजो
तिरुँला हजार ।

चौरी गाई कहाँ चर्‍यो
धौलासिरी बनैमा

हे बिसौलीमाको कोदाली ह ह सालैजो
धरती धसौंला
हे सुना मायालु ह ह सालैजो
धारती धर्सौला
हे यसैरो गरी मयाँलु ह ह सालैजो
कति दिन बसौँला ?

चौरी गाई कहाँ चर्‍यो
धौलासिरी बनैमा

हे माथिबाट भोटेरो ह ह सालैजो
काँधैमा त्रिशुल
हे बाट भोटेरो ह ह सालैजो
काँधैमा त्रिशुल
हे हजुर हामी मयालु ह ह सालैजो
कहाँ गई बिर्सुंला ?
हे सुना मयालु ह ह सालैजो
कहाँ गई बिर्सुंला ?

चौरी गाई कहाँ चर्‍यो
धौलासिरी बनैमा

हे हातमा लिम्ला कलमै  ह ह सालैजो
लेखुम्ला भनेर
हे लिम्ला कलमै ह ह सालैजो
लेखुम्ला भनेर
हे डाँडामा बसी नजुरै ह ह सालैजो
देखुम्ला भनेर

घरी कहाँ हो ? मायालु
घरिकाउँदै रेलैमा

हे हेर्दामा राम्रो इकाडै ह ह सालैजो
जोरे पिपल लाइन
हे राम्रो इकाडै ह ह सालैजो
जोरे पिपल लाइन
हे हे गाइ दिनु चरन लाइदिनु ह ह सालैजो
चलाम्ला बइन ।
हे हे सुन मयाँलु ह ह सालैजो
चलाम्ला बइन ।

घरी कहाँ हो मायालु ?
घरी काउँदै रेलैमा

हेहे माथि पऱ्यो यो सरौं ह ह सालैजो
तल पऱ्यो हुवास
हे हे पऱ्यो यो सरौं ह ह सालैजो
तल पऱ्यो हुवास
ह मुसुक्क हाँसी चरनै ह ह सालैजो
क्या राम्रो सुवास ।
ह हे मायालु ह ह सालैजो
क्या राम्रो सुवास ।

घरी कहाँ हो मायालु
घरिकाउँदै रेलैमा

हलैको गोरु जखामी भयो सालैजो
सोमबारै दाउनाले
रसैको माया विरसै भयो सालैजो
मै दुखी आउनाले ।

मिठोमा कति त्यो चिसो पानी सालैजो
तान्सिङै पँधेरो
जतालाई जान्छु मै जस्तो दुखी सालैजो
उही देश अँधेरो ।

दर्बारै डाँडा देवीको थान सालैजो
राँगो काटी भोग दिम्ला
हितैको मयाँ बाटैमा भेट्यो सालैजो
सिर निउराई ढोगदिम्ला ।

सानोमा सानो बराहुको छोरो
मुख धोयो काँसी काँसी
रात पनि गयो दिन पनि गयो सालैजो
गयो जोबान हाँसी हाँसी ।

नयाँमा हलो नयाँमा जुवा सालैजो
पुरानो हरिस
रातैर भरि सगैँ र बस्यो सालैजो
अहिलेको बरिस ।

सिकार खेल्ने सिकारी दाजु सालैजो
मारी ल्यायो कोकले
दिनको बाटो छिनैमा आयो सालैजो
गित गाउने धोकाले ।

तोरी है भनी छरेको मैले सालैजो
उम्रँदा जौ भयो
भेटै रो हुन कति बल गरें सालैजो
देखनै धौ भयो ।

हातैमा त्रिशुल घाँटीमा माला सालैजो
देसी हैन बङ्गाली
हजुरको गाउँतिर छ छैन होला सालैजो
मै जस्तो कङ्गाली ?

घुमीलाई घुमी स्याखु मैले बुन्यो सालैजो
छ मैना बरिखलाई
छोरा त पायो औसैको धनी सालैजो
छोरी पायो अरिकालाई ।

बरको डाली लचक्कै सालैजो
चरीले टेकेर
भावीले कर्म नलेख्नु थियो सालैजो
गएछ लेखेर ।

दिनैलाई भरि पानी है पऱ्यो सालैजो
गाउँबेसी मेलैमा
एकदुई वचन बोलिदिनुहोला सालैजो
भेट भाको बेलैमा

आँधीमा खोला धमिलो भयो सालैजो
धोवी लुगा धोएर
बैंस र जोवन हाँसेर गयो सालैजो
बुढेसकाल रोएर ।

कतिमा राम्रो यो कालो कपाल सालैजो
सेतो छ रिबन
रोएर भैन हाँसेर भैन सालैजो
बिताम् भो जीवन ।

दिनै र भरि काटेर आएँ सालैजो
घाँस पनि खर जस्तो
जीवन मेरो के भन्नु छ र सालैजो
एकलो वर जस्तो ।

हमरा राजाले के अक्षरै लेख्यो ? सालैजो
असुनी भरुनी
हितैको मयाँ अरिकैले लग्यो सालैजो
म कसो गरुँ नि ?

धानैमा काटी आलीमा राखी सालैजो
परालै टौवैमा
खोलीको बाटो मै पनि आम्ला सालैजो
परखे पौवैमा ।

ठामलाई ठाम थानपती देउता सालैजो
गिरेकोट भैरम
आमालाई सेवा बाबालाई सेवा सालैजो
सबैलाई जैराम ।

लहिनो भैसी चरन गयो सालैजो
रामुरामु भिरैमा
हासुँला भन्थ्यो खेलुँला भन्थ्यो सालैजो
दैव घुम्यो सिरैमा ।

दसैंमा आयो तिहारै आयो सालैजो
राखम्ला जमरा
सुखी त हौली कमलकी फूल सालैजो
म त हुम्ला भँमरा ।

झिली र मिली उज्यालो भयो सालैजो
त्रिवेणी सहर
दाँत पनि झऱ्यो, दारी कपाल फुल्यो सालैजो
गयो मेरो रहर ।

पानै र खायो सुपारी खायो सालैजो
बानिया बजार
मै खान दिम्ला, मै लाउन दिम्ला सालैजो
तिरम्ला हजार ।

पोखरा बजार अध्यारो भयो सालैजो
कुहिरोले ढक्कमक्क
हितैको मयाँ आजै भेट भयो सालैजो
परे म त अक्कमक्क ।

सोह्र दिने सराद्, नौ दिने दुर्गा सालैजो
राखुम्ला जमरा
मयाँलु हौली कमलको फूल सालैजो
मै हुम्ला भँमरा ।

कसिमा कसी सुनैरो जोख्यो सालैजो
बाइसे तोलामा
नियारै छैन, निसाफै छैन सालैजो
यसै रो खोलामा ।

हिमाल पारी त्यो पल्लो भेगमा सालैजो
चरेको कस्तुरी
हितैको मयाँ भेटैरो भयो सालैजो
सपना जस्तरी ।

माझी है दाइले जालैरो हान्यो सालैजो
जालै पुग्यो दोभान
गाइदिनु चरन, लाइदिनु मयाँ सालैजो
केई छैन जोबान ।

अक्कासैभरि नौ लाखे तारा सालैजो
मै गन्न सौदिन
मनको कुरा सामुखै आउँछ सालैजो
मै भन्न सौदिन ।

रानीलाई घाट टुनीको डुँगा सालैजो
पानी माथि सलसली
नदेखे मयाँ हाइसुखै थियो सालैजो
देख्यो मयाँ झलझली ।

जापानले हान्यो नौ मनको गोली सालैजो
अंग्रेजले मेसिनगन
पहरा भए रसाइमा जान्थ्यो सालैजो
धन्दै को तिम्रो मन ।

बाटैर मुन दमै दाइको घर सालैजो
बजायो थम्केरे
रातैर भोरी सँगैर बस्यो सालैजो
ऋब त जाम् केरे ।

जुतैरो सिउने सारकी दाजु सालैजो
फूल भर्ने सर्किनी
डाँडाकाटी गएकी रिमै सालैजो
मयाले फर्किनी ।

माझीमा दाइले छड्के बल्छी हान्यो सालैजो
त्यो आँधी खोलीमा
चैत र जाँदा वैशाख लाग्दो सालैजो
चडौली डोलीमा ।

बाबिया खर काटेर ल्याम्ला
बाटम्ला लसरी
रातैरभोरि सँगै र बस्यो सालैजो
छुटी जाम्ला कसरी ?

अक्कासैभरि नौ लाखे तारा सालैजो
एकु तारा जुनसित
रङ्गमा रस यो सबैसित सालैजो
जुग जाने कुनसित ?

हातैमा लिम्ला कलमै मसी सालैजो
लेखुम्ला भनेर
अग्लोमा डाँडो मैदानै पाऱ्यो सालैजो
देखुम्ला भनेर
देखुम्ला भनेर मयाँलु
देखुम्ला भनेर

गण्डकी वारि, गण्डकी पारि सालैजो
कसले तार्‍यो तोरन ?
सुखीया मयाँ आजको दिनमा सालैजो
कसले गर्‍यो जोरन ?
कसले गर्‍यो जोरन मयाँलु
कसले गर्‍यो जोरन ?

बगीमा आयो यो पैयुँखोला सालैजो
सेतैरो बगर
लाइदिनु मयाँ, गाइदिनू चरन सालैजो
सानु मन नगर
सानु मन नगर मयाँलु
सानु मन नगर

माथि र बाट भोटे लामा आयो सालैजो
काँधैमा त्रिशुल
सुखिया चेलीले गाएको चरन सालैजो
काँ गई बिर्सुला ?
काँ गई बिर्सुल ? मायालु
काँ गई बिर्सुल ?

एकै रो मुठी खरूको घाँस सालैजो
भेडीको थुमेलाई
पहिलो चरन चढायो मैले सालैजो
धरती भुमेलाई ।

डाँडामा काटी कुलैमा ल्यायो सालैजो
रोपमल टारी खेत
मायालुलाई पर्खदा पर्खदा सालैजो
बल्ल भयो हाम्रो भेट ।

पारिमा पाखा दफर्कु लेक
घाम लाग्यो घमाइलो
हजुर हामी भेटघाट हुँदा सालैजो
संसारै रमाइलो ।

सराकै भरि नौलाखै तारा सालैजा
तिन तारा तिनतिर
हितको मयाँ टपक्कै टिपी सालैजो
बटौली मुन्तिर

रामादीको पुलमा डर मलाई लाग्यो सालैजो
बोकेर तारिदेऊ
छ भने माया छपक्कै लाइदेऊ सालैजो
छैन भने मारिदेऊ ।

उधौँमा जाँदा देखेको मैले सालैजो
रेलैको लाइन
गाइदिनु चरन लाइदिनू मयाँ सालैजो
चलाम्ला बइन
चलाम्ला बइन मयाँलु
चलाम्ला बइन

माथिमा माथि नुनैरो दिने सालैजो
भोटैरो धनीले
हजुर हामी भेटैर भयो सालैजो
दानै र पानीले
दानै र पानीले मयाँलु
दानै र पानीले

पैयुँ र खोला यो सेरोफेरो सालैजो
सितैको जौ भयो
रङ्गमा रसी गरौँ सँगै बसी सालैजो
छुटन धौ भयो ।
छुटन धौ भयो मयाँलु
छुटन धौ भयो ।

बाटो र मुनि दमै दाइको घर सालैजो
बजायो ढोलकी
आजको जस्तो रमाइलो दिन सालैजो
भोलि नि होला कि ?
भोलि नि होला कि ? मयाँलु
भोलि नि होला कि ?

सुरिलो जाने बाँसैको लिँगो सालैजो
भुईं छोयो टुपैले
अहिले सम्म घरबारै भैन सालैजो
यो मेरो रुपैले
यो मेरो रुपैले मयाँलु
यो मेरो रूपैले

दरबारै डाँडा अलिको भयो सालैजो
त्यो देवी थानले
हजुरै रो हामी भेटै रो भयो सालैजो
नैमोरी जानले
नैमोरी जानले मयाँलु
नैमोरी जानले ।

धानको बाला यो लरी लरी सालैजो
कोदो बाला केसरा
गाइदेऊ न गीत लाइदेऊ न फेरो सालैजो
मरिलानु के छ र ?

दुनो र भाइ रामको छोरा सालैजो
दिनदिनै सिकार
आँटेको कुरा नैपुग्दा खेरि सालैजो
लाग्छ मन धिकार

धान खायो गाइले धपायो मैले सालैजो
जौ खायो खसीले
हितको सुखीलाई मै चिठी लेख्छु सालैजो
निरको मसीले

उँधो र बाट पैरो चली आयो सालैजो
भेडी गोठ थुनियो
दुखीले झिक्ने, सुखीले छोप्ने सालैजो
क्या राम्रो सुनियो

चरीलाई थाप्यो यो लिसो पासो सालैजो
बाघलाई धराप
दुधको भारा मै तिरम्ला आमा सालैजो
नदिनू सराप
नदिनू सराप मयाँलु
नदिनू सराप

पानी र आयो रिमी र झिमी सालैजो
स्याखु छैन रुझायो
यै मन रोयो यै मन हाँस्यो सालैजो
यै मन बुझायो ।
यै मन बुझायो मयाँलु
यै मन बुझायो ।

धारैको पानी कुवैको पानी सालैजो
सँगसँगै भरम्ला
हाँसो र खेल सँगसँगै गऱ्यो सालैजो
सँगसँगै मरम्ला
सँगसँगै मरम्ला मयाँलु
सँगसँगै मरम्ला

त्यो ठाडो खोला धमिलो भयो सालैजो
स्यालैको पाइलाले
मनले गुन्दा खबरै सुन्दा सालैजो
जुँगा मेरो कैलाले
जुँगा मेरो कैलाले मयाँलु
जुँगा मेरो कैलाले ।

भोर्लेर खोलो च्याप्टेमा ढुङ्गा सालैजो
भगुमानै जस्तो छ
मुखले भने ललिते पार्छौ सालैजो
मन भने कस्तो छ ?

कतिमा राम्रो सालैको पात सालैजो
टिपेर टपरी
टाढाको मयाँ नलाउनु रैछ सालैजो
ज्यानैलाई धपरी

रातैमा पर्‍यो भ्याउँकिरी बास्यो सालैजो
बिदा देऊ मुख्यानी

सिरीमा सिरी दनितैको बिरी सालैजो
मुख धुँदा गैगयो
मनको कुरा बिसाम्ला भन्दा सालैजो
मनैमा रहिरह्यो

धानको बाला हरियो भयो सालैजो
कोदो बाला कपनी
दिनको मलाई झलिको लाग्छ सालैजो
रातको सपनी

घरलाई मेरो साँगुरो भयो सालैजो
बाखरी खोरैले
चरनै गीत गाइदिनू चेली सालैजो
सारङ्गी स्वरैले

उँधोरबाट के चरी आयो ? सालैजो
बेग हान्यो रुखैमा
कलिलो जोबान सरिमै लाग्छ सालैजो
नहेर मुखैमा

आकामासैको गडाङ र गुडुङ सालैजो
त्यै भुईंको खजुरीलाई
शिरको टोपी पाउमा राखी सालैजो
ढोग गरें हजुरलाई

हातैमा मेरो सुनैको अम्ठी सालैजो
काँ खस्यो काँतिर ?
आएको जोबान हुड्केर गयो सालैजो
त्यै लाग्छ खातिर

उँधोमा जाँदा देखेको मैले सालैजो
बटौली बजार
जतामा हेर्छु सूर्यमन्डल फूल सालैजो
उतै मेरो नजर ।

बाघलाई हान्दा बघेनी मऱ्यो सालैजो
गैह्रीसुरे भिरैमा ।
रिस र राग पैतालामुनि सालैजो
मयाँ राखम् सिरैमा

तासैमा खेली बाजी मेरो भयो सालैजो
पानैको चौकाले
गाइमा दियो चरनै गीत सालैजो
भेट भाको मौकाले ।

राम्दीको पुलमा डर मलाई लाग्यो सालैजो
बोकेर तारिदेऊ
छ भने मयाँ छपक्कै लाइदेऊ सालैजो
छैन भने मारिदेऊ ।

हातैमा लिम्ल कलमै मसी सालैजो
लेखम्ला भनेर
चारैमा दिसा नजरै लायो सालैजो
देखम्ला भनेर

खसियाले लाउने खसियाले टोपी सालैजो
खस्यो खस्यो नैभने
माछी बस्यो लेउमा, दुखी बस्यो छेउमा सालैजो
बिर्स्यो बिर्स्यो नभने

पानी र आयो रिमी र झिमी सालैजो
स्याखु छैन रुझायो
यै मन रोयो, यै मन हाँस्यो सालैजो
यै मन बुझायो

धारैको पानी कुवैको पानी सालैजो
सँगसँगै भरम्ला
हाँसो र खेल्यो सँगसँगै गऱ्यो सालैजो
सँगसँगै मरम्ला

सानोमा सानो बाँमरी बोट सालैजो
कुटोले गोडम्ला
बालखु कालमा लाएको मयाँ सालैजो
रोपेरै छोडम्ला ।

गोठैमा बस्ने गोठाले दाइको सालैजो
गोठैमा मोही छैन ।
फूलबारी गयो फूल टिपी ल्यायो सालैजो
लाइदिने कोही छैन ।

धिपीमा धिपी आगैरो बाल्यो सालैजो
त्यो तल गोठैमा
उडेको चरी समाती ल्यायो सालैजो
बैंसको झोकैमा ।

हिलेरो बाट छुटेको बस सालैजो
पुगियो पोखरा
यत्तिको बैंसमा दुखैरो पायो सालैजो
मन बुझ्ने को छ रा ?

सुरीलो जाने बाँसैको लिङ्गो सालैजो
टुप्पो काटी टाँगलो
दाहिने हात सिरानी दिम्ला सालैजो
देब्रे हात आँगलो ।

माझीमा दाइले जालैमा हान्यो सालैजो
जाल पुग्यो दोभान
हाँसोमा रङ्ग गर्दामा गर्दै सालैजो
गयो मेरो जोभान ।

बगीमा आयो बरिखैको भेल सालैजो
यो काली गण्डकी
सुन मयाँ शिरफुलै मयाँ सालैजो

यो काली गण्डकी

हाँसोमा गरी जानी भयो मेरो सालैजो

कलिलो जिन्दगी

सुनमयाँ शिरफुलै मयाँ सालैजो

कलिलो जिन्दगी

केटा : हे मयाँ भेट भाको दिन

सङ्लो पानी धमिलो मन किन ?

केटी : हे मयाँ सेतै छ कमेरो

सङ्लो पानी सङ्लै छ मन मेरो

खोलीको ढुङ्गा टप्पकै टिपी सालैजो

चिनम्ला चौपारी

सुनमयाँ शिरफुलै मयाँ सालैजो

चिनम्ला चौपारी

उमेरले होला जेठो र कान्छो सालैजो

मयाँले दौतारी

केटा : हे मयाँ तिम्रो र हाम्रो

कैल्यै पनि नहोस् है नराम्रो

केटी : हे मयाँ तिमी र म त

यो गाउँमा नबसम् अब त

शिरैको टोपी उडाइमा लग्यो सालैजो

गण्डकी हावाले

सुनमयाँ शिरफुलै मयाँ सालैजो

गण्डकी हावाले

के मयाँ लाउनी, के गीत गाउनी ? सालैजो

मै दुखी जावाले

छायाँ हितैको मयाँ

मै दु:खी जावाले

केटा : हे मयाँ गीत गाउन आको
कोही छ कि ? कमलो मन भाको
केटी : हे मयाँ घर मेरो पर्वत
यो मयाँले गर्छ कि बर्बात

तलमा पऱ्यो त्रिवेणी बजार सालैजो
माथि पऱ्यो सिउराती
छायाँ हितैको मयाँ सालैजो माथि पऱ्यो सिउराती
सबैले भन्छ धन पैसा ठूलो सालैजो
म भन्छु पिरती
सुन मयाँ शिर फूलै माया सालैजो
म भन्छु पिरती
केटा : हे मयाँ रातो छ रगत
मनको कुरा भनुँ कि अब त ।
केटी : हे मयाँ गाई चऱ्यो हिलेमा
मनको कुरा गरम्ला मिलेमा

आज है बिहान त्यो पारि बनमा सालैजो
भाले बस्यो कोकले
सुनमयाँ शिरफुलै मयाँ सालैजो
भाले बस्यो कोकले
टाढाको बाटो धाउँदैमा आयो सालैजो
गीत गाउने धोकाले
सुनमयाँ शिरफुलै मयाँ सालैजो
गीत गाउने धोकाले
केटा : हे मयाँ मोहनी बोली
आजभन्दा सम्झन्छु झन भोलि
केटी : हे मयाँ मटीतेल टिनको टिन
यो मयाँलाई सम्झन्छु दिनको दिन ।